जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १७ • २०८३ साल जेठ २३ गते शनिबार (6 June, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'भारतसंग नेपालको समृद्धिको एजेण्डालाई प्राथमिकताका साथ उठाएको छु'



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भारत भ्रमणका क्रममा समृद्धिको एजेण्डालाई प्राथमिकताका साथ अगाडि सारेको बताएका छन् ।

भारत भ्रमण सम्पन्न गरी शुक्रबार स्वदेश फर्किएका पूर्वगृह तथा उपप्रधानमन्त्रीसमेत रहेका सभापति लामिछानेले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पत्रकारहरुसंग कुराकानी गर्दै भारतसंग खेलकुददेखि सूचना प्रविधिसम्मका विषयमा सहकार्यबारे छलफल भएको बताए ।

उनले भने, "रास्वपा नेतृत्वको सरकारले कस्तो किसिमको सहयोग र सहभागिता चाहन्छ भन्ने कुरा स्पष्ट पारिएको छ, कनेक्टिभिटीदेखि धार्मिक पर्यटनसम्मका विषयमा हाम्रा प्राथमिकता के हुन् ? हामीले हाम्रो सम्बन्धबाट कस्तो लाभको अपेक्षा गरिरहेका छौं ? यी सबै विषयमा हामीले स्पष्ट भनाइ राखेका छौं ।"

भारतमा रहेका नेपाली नागरिकका समस्या समाधानका लागि त्यहाँस्थित नेपाली दूतावास र त्यहाँ रहेका नेपाली समयन्त्रलाई अझ चुस्त विषयमा पनि कुरा भएको सभापति लामिछानेले बताए ।

उनले नेपाल-भारतबीचको सीमासम्बन्धी विवादको विषय कुटनीतिक रुपमा समाधान गरिने बताउनुभयो । सभापति लामिछानेले भने, "कुटनीतिको माध्यमबाट गरिने प्रयास महत्वपूर्ण हुन्छ, तिनको आवाज ढोल बजाएर हुँदैन, तर ढोल नबजाइकन देशका बारेमा गर्नुपर्ने ठाउँमा, गर्नुपर्ने जसरी र चरणबद्ध तरिकाले गर्नुपर्ने हुन्छ, त्यसैले कुटनीतिक ढङ्गले अगाडी बढेको छ ।" भारतसँगको सीमाका विषयमा परराष्ट्र मन्त्रालयको जवाफ आधिकारिक भएको उहाँको भनाइ थियो ।

सभापति लामिछानेले भारतीय जनता पार्टीका अध्यक्ष र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणका लागि निमन्त्रणा दिएको जानकारी गराउँदै त्यसबारे उहाँहरु सकारात्मक रहेको बताउनुभयो । नेपालका प्रधानमन्त्री भारत भ्रमण जाने कुरा समय र परिस्थिति अनुसार तय हुने उनको भनाइ छ ।

उनले भने, "सरकार र पार्टी सञ्चालनमा प्रधानमन्त्री र मैले जिम्मेवारी बाँडफाँट गरेका छौं, सरकारलाई काममै केन्द्रित गर्ने वातावरण सिर्जना गरेका छौं ।"

सभापति लामिछानेले भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनको निमन्त्रणामा पाँचदिने भारत भ्रमणमा गएका थिए । उनलाई शुक्रबार नयाँ दिल्लीस्थित इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थलमा नेपालका कार्यवाहक राजदूत डा. सुरेन्द्र थापा तथा भारतीय जनता पार्टी (भाजपा) का विदेश मामिला विभागका प्रमुख डा. विजय चौथाइवालेले विदाइ गरेको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।

### सचिव पुष्कर जगेडामा

## प्रधानमन्त्रीलाई मुख्यसचिव वा राजदूतवाला म्यासेज गर्दा 'केरकार'



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र साहलाई म्यासेज लेखेका कारण उपराष्ट्रपति कार्यालयका सचिव कृष्णहरि पुष्करलाई प्रहरीले सात घण्टासम्म केरकार गरेको छ ।

त्यसपछिसचिव पुष्करलाई उपराष्ट्रपति कार्यालयबाट शुक्रबार मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयमा सरुवा गरि जगेडामा राखिएको छ ।

प्रहरीको केरकारबाट रिहा भएको एक दिनपछि प्रधानमन्त्री कार्यालयले सचिव पुष्करलाई शुक्रबार जगेडामा राख्ने निर्णय गरेको थियो ।

प्रधानमन्त्री साहलाई सचिव पुष्करले मुख्यसचिवदेखि राजदूत बन्नका विचारविमर्शसहितको म्यासेज गरेको खुलेको छ ।

प्रधानमन्त्रीलाई म्यासेज गरेको पाइएपछि बिहीबार मात्रै सचिव पुस्करलाई काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयले नियन्त्रणमा लिएर केरकार गरेको थियो । सात घण्टासम्म केरकार गरेपछि पुष्करलाई प्रहरीले उनकी श्रीमतीको जिम्मा लगाएर छाडेको थियो ।

प्रहरी केरकारमा परेका पुष्करले प्रधानमन्त्री साहलाई म्यासेजमा सचिव पुष्करले अझै मुख्य सचिव र राजदूत हुनका लागि विचारविमर्शसहितको आशय व्यक्त गरेको देखिएको छ ।

प्रधानमन्त्री साह र सचिव पुष्कर महोत्तरी जिल्लाकै हुन् । एकै जिल्लाका रहेका नाता र विगतमा जनप्रतिनिधि हुँदा समेत संगै काम गरेकाले समेत उनीसंग व्यक्ति रुपमा पनि सम्बन्ध रहेकाले सचिव पुष्करले उनलाई विचारविमर्शसहितको आशययूक्त म्यासेज गरेको पाइएको बताइन्छ ।

सो म्यासेजमा पुष्करले प्रधानमन्त्री साहलाई हजुरको विशेष ध्यान भएमात्रै मुख्यसचिवमा सम्भावना रहेको नत्र कुनै सम्भावना नरहेको उल्लेख गरेका छन् ।

यसबाट पुष्करले अझै मुख्यसचिवका हुनका लागि अपेक्षा गर्दै सहयोग हुनसके अझै सम्भावना रहेको व्यक्त गरेको देखिन्छ ।

मुख्य सचिव नभएको अवस्थामा सचिवको पाँच वर्षे कार्यकाल पूरा गरेर यही असार २४ मा अवकाशमा जाने निश्चित भएकाले राजदूतका लागि पुष्करले फारम भरेको पनि पाइएको छ । उक्त कुरा उनले म्यासेजमै उल्लेख गरेको पाइएको छ ।

उनले प्रधानमन्त्री साहलाई म्यासेजमा लेखेका छन्, 'राजदूतका लागि विज्ञापन हेरैं र मैले पनि आवेदन पेश गरैं, हजुर । यस समन्बन्धमा हजुरको जानकारी मार्गदर्शन तथा आवश्यक सहयोगका लागि विनम्र अनुरोध गर्दछु ।'

यसै म्यासेजलाई लिएर प्रहरीले पुष्करलाई नियन्त्रणमा लिएर केरकार गरेको थियो । यता सरकारी संयन्त्रले भने पुष्करलाई पक्राउ गरेर थुन्ने कुनै योजना नरहेको जनाएको छ । अझै मुख्यसचिव बन्न खोज्ने, बहालमै रहेका सचिवले राजदूतका लागि फारम भर्ने र सहयोग भन्दै प्रधानमन्त्रीलाई म्यासेज गरेपछि एउटा सन्देश दिन प्रहरीले सोधपुछ गरेको सरकारी स्रोतले जनाएको छ ।

'यति म्यासेजकै आधारमा पक्राउ गर्ने थुन्ने भन्दा पनि एउटा सन्देश दिन खोजिएको छ । ताकि आउने दिनमा यस्ता घटना नदोहोरिउन् भन्ने हो । अझै पनि भनसुनको भरमा मुख्यसचिव ताक्ने, राजदूतका लागि सहयोग माग्ने प्रवृत्ति देखिएकाले सबैलाई सन्देशका लागि प्रहरीले सोधपुछ मात्रै गरी छाडिएको छ,' स्रोतले भन्यो ।

सचिव पुष्कर असार २४ मा पाँच वर्षे अवधि पूरा हुँदैछ भने मुख्यसचिव सुमनराज अर्याल ५८ वर्षे उमेरहदले त्यसको अर्को दिन अर्थात असार २५ मा अवकाश हुँदैछन् ।

राजदूत नियुक्तिका लागि आवेदन दिएका विषयमा प्रधानमन्त्रीसंग जानकारी र मार्गदर्शन माग्दै सन्देश पठाएका पुष्कर हाल जगेडामा राखिएका छन् । सचिव पदमा कायम रहे पनि उनी अहिले कार्य जिम्मेवारीविहीन बनेका छन् ।

## करोडौँको छात्रावास अलपत्र



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले दलित समुदायलाई उच्च शिक्षातर्फ आकर्षित गर्ने उद्देश्यले करोडौं खर्चेर सात वर्षअघि थालेको दलित छात्रावास निर्माण कार्य सरोकारवाला निकायको लापरवाही र बेवास्ताका कारण अलपत्र छन् ।

आर्थिक वर्ष २०७५/०७६ मा तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले 'बेटी पढाऔँ, बेटी बचाऔँ' कार्यक्रम अन्तर्गत प्रदेशका ८ वटै जिल्लामा दलित छात्रावास निर्माणका योजना अघि ल्याएका थिए । १२ वटा कोठा, स्नानगृहसहितको शौचालय, फर्निचर, विद्युत् र खानेपानीको सुविधासहितका छात्रावास ६४ दिनमा सम्पन्न गर्ने गरी प्रत्येक छात्रावासका लागि प्रदेश सरकारले ९० लाखदेखि १ करोड रुपैयाँसम्म बजेट विनियोजन पनि गरेको थियो ।

प्रदेशका जिल्लाहरु धनुषाको जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पस, महोत्तरीको रामानन्द विशेश्वर बहुमुखी क्याम्पस, सर्लाही क्याम्पस मलंगवा, सप्तरीको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, सिरहाको सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, बाराको राष्ट्रिय माध्यमिक विद्यालय सिस्वा मोहनपुर तथा पर्साको ठाकुरराम बहुमुखी क्याम्पसमा छात्रावास निर्माणको योजना ल्याइएको थियो ।

निर्माण कार्य शुरु पनि गरिए पनि जनकपुरधामस्थित राराब क्याम्पस बाहेक सबै ठाउँको छात्रावास केही निर्माण भई अधुरै नै छन् । राराब क्याम्पसको छात्रावासमा भवन निर्माण कार्य सम्पन्न भएपनि विद्युत, खानेपानी, शौचालय र फर्निचरको काम मात्र बांकी छन् । जिम्मेवारीविहिन भएका कारण हस्तान्तरण हुन नसक्दा अलपत्र अवस्थामा छन् ।

सात वर्ष बितिसक्दा पनि अधिकांश भवन अधुरै छन् भने तर निर्माण सम्पन्न नभए पनि सम्बन्धित उपभोक्ता समितिहरूलाई ४० देखि ५० लाख रुपैयाँसम्म भुक्तानी गरिसकिएको छ । प्रदेश सरकारले ६ करोडभन्दा बढी बजेट विनियोजन गरेकामा ३ करोडभन्दा बढी रकम वितरण गरिसकेका छन् ।

सबैभन्दा गम्भीर प्रश्न उपभोक्ता समितिमार्फत निर्माण शुरु गरिएका ती छात्रावासको ठेक्का वा निर्माण कार्य कसले गरेको, कति रकम वितरण गरिएको लगायतका कुरा सरोकारवाला सबै निकाय अनभिज्ञ छन् । त्यसको जिम्मेवारी कसले लिने ?

शिक्षा तथा संस्कृतिमन्त्री मनोज सिंहले अनभिज्ञता प्रकट गर्दै आफूलाई यस बारेमा थाहा नभएकाले यसबारे जानकारी लिने बताए । उनले भने 'जेन- जी आन्दोलनको क्रममा धेरै कागजात नष्ट भइसकेकाले शिक्षा मन्त्रालयकै जिम्मेवारीमा पर्छ भन्ने कुनै अभिलेख वा कागजात छैन । ठिकै छ म यस बारे बुझ्छु ।'

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव दिलिप ठाकुरले सामाजिक विकास मन्त्रालयमा कार्यरत रहँदा ८ वटै जिल्लामा दलित छात्रावास निर्माणका लागि बजेट विनियोजन गरिएको थियो र केही रकम भुक्तानीसमेत भएको थियो ।

यता भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ओमराज ढुंगाना भने 'योजना कसले राखे, निर्माण कुन निकायमार्फत भयो भने कुराभन्दा पनि समस्याको समाधान सम्भव रहेकाले हामीलाई कसैलाई दोषारोपणभन्दा पनि समाधान तिर जानुपर्छ ।'

निर्माणअघि आफूहरूसँग कुनै औपचारिक स्वीकृति लिइए वा लिइएन भने बारे क्याम्पस प्रमुख पनि अनभिज्ञ छन् । धनुषाको जनकपुरधामस्थित रामस्वरुप रामसागर (राराब) बहुमुखी क्याम्पस प्रमुख बसन्त कर्ण भन्छन्, "यो भवन कसले, कुन प्रक्रियाबाट र किन बनायो भन्ने विषयमा हामीसँग स्पष्ट अभिलेख छैन । दलित छात्रावासका रूपमा निर्माण गरिएको बुझिएको छ, तर हस्तान्तरण नै नभएकाले सञ्चालन गर्न सक्ने अवस्था छैन । बांकी रहेका शौचालय, विद्युत् र खानेपानीको सामान्य काम कसले पूरा गर्ने भन्ने अन्योल छ ।"

सिरहास्थित सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पसमा त अवस्था झन् दयनीय छ । ११ कोठे छात्रावास निर्माण गर्ने योजना रहे पनि पाँच वटा कोठाको मात्रै छत ढलान गरिएको छ भने बाँकी कोठाहरूमा पिलर उठाएर काम रोकिएको छ । हाल जिर्ण भवनमा संचालन भइरहेको ती क्याम्पसको थप कक्षा कोठाका लागि प्रयोग गर्ने उद्देश्यले क्याम्पस प्रशासन धाइरहेका छन् । तर कुनै निकायले चासो लिइरहेका छैनन् ।

क्याम्पस प्रमुख राजेश्वर प्रसाद यादवले भने 'यो भवन कसको हो कसले निर्माणको जिम्मेवारी कसले लिएको थियो भन्ने तथ्य पत्ता लगाउन निकै समय लाग्यो । अधुरा रहेका ती भवनको बांकी काम सम्पन्न गराई संचालनका लागि ८३ लाख रुपैयाँको इस्टिमेट बनाएर आगामी बजेटमा समावेश गर्न शिक्षा मन्त्रालयमा बुझाइसकेका छौं ।'

छात्रावास निर्माणका लागि उपभोक्ता समितिहरूले असार २० गतेभित्र, अर्थात् जम्मा ६४ दिनमा काम सम्पन्न गर्ने शर्त राखिएको थियो । सुरुमै रनिङ बिलका रूपमा ३० लाख रुपैयाँभन्दा बढी रकम भुक्तानी पनि गरिएको थियो ।

निर्माण समयमै पूरा नभएपछि बाँकी रकम रोकिएको थियो । तर एक आर्थिक वर्षपछि कानुनी व्यवस्था संशोधन गरी प्राविधिक मूल्यांकनका आधारमा थप रकमसमेत भुक्तानी गरिएको स्रोतहरू बताउँछन् ।



# धागो फ्याक्ट्रीमा आगलागी



टुडे समाचारदाता

बारा । विद्युत् तार सर्ट भएर बाराको जितपुरसिमरा उपमहानगरपालिका-९ छातापिप्रास्थित त्रिवेणी स्पाइनिङ धागो फ्याक्ट्रीमा भएको आगलागीमा ठूलो क्षति भएको छ।


आगलागीबाट करिब १८० टन कपास, आरसीसी वाल भएको टिन छाएको करिब ५०/८० फिटको गोदाम, दुई थान कन्डेन्सर मेसिन, एक थान एमबीओ मेसिन तथा एक थान एमओ मेसिन जलेर नष्ट भएको विवरण प्राप्त भएको छ। क्षतिको विस्तृत विवरण संकलन भइरहेको र घटनाको थप अनुसन्धान जारी रहेको बरा प्रहरीले जनाएको छ।

शुक्रवार बिहान करिब १०:४० बजे विद्युत् सर्ट भई आगलागी भएको सूचना प्राप्त हुनासाथ नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विभिन्न निकायका दमकलहरू परिचालन गरिएको थियो।

इलाका प्रहरी कार्यालय जितपुरबाट प्रहरी निरीक्षक तेजनारायण वैठाको कमाण्डमा ६ जना, सिमरा इलाका प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सुरेन्द्र यादवको कमाण्डमा ४ जना तथा औद्योगिक सुरक्षा बेस जितपुरबाट सशस्त्र प्रहरी नायब निरीक्षक एकवाल यादवको कमाण्डमा ५ जनाको टोली परिचालन गरिएको थियो।

त्यसैगरी जितपुरसिमरा, कलैया, अमलेखगञ्ज, कोल्हवी, सखुवा प्रसौनी, पर्सा, निजगढ, गढीमाई लगायतका स्थानबाट करिब १२ वटा दमकल परिचालन गरी आगो नियन्त्रणमा लिइएको हो। जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, सशस्त्र प्रहरी बल नं. १२ गणका अधिकारीहरू तथा नेपाली सेनाको रिपुमर्दन गण कलैया र श्रीजंग गण पर्साका टोलीसमेत घटनास्थलमा खटिएका थिए। करिब १२:३० बजेको समयमा आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। प्रारम्भिक विवरणअनुसार आगलागीबाट कपास, मेसिनरी तथा संरचनामा ठूलो क्षति पुगेको छ।

# अवैध नदीजन्य पदार्थ खरिद नगर्न आदेश



टुडे समाचारदाता

रौतहट । जिल्ला प्रशासन कार्यालय रौतहटले अवैध रूपमा सञ्चालन भइरहेका क्रसर, गिट्टी तथा बालुवा प्रशोधन उद्योगबाट निर्माण सामग्री खरिद नगर्न सबै पालिका तथा सरकारी निकायहरूलाई निर्देशन दिएको छ।

जिल्ला समन्वय समितिको बिहीबार बसेको बैठकले गरेको निर्णयअनुसार उक्त निर्देशन जारी गरिएको सिडियो दिनेश सागर भुषालले जानकारी दिएका छन्।

जिल्ला समन्वय समितिको बैठकको अध्यक्षता जिल्ला समन्वय समिति रौतहटका सभापति राम अयोध्या राय यादवले गरेका थिए, अध्यक्ष यादवले नवीकरणबिनै सञ्चालनमा रहेका उद्योगलाई कानुनी दायरामा ल्याउने, अवैध उत्खनन नियन्त्रण गर्ने तथा सरकारी निकायलाई त्यस्ता उद्योगबाट सामग्री खरिद नगर्न पत्राचार गर्ने निर्णय गरेको हो।

बैठकले बागमती गिट्टी उद्योग (चन्द्रपुर-५), शिवशक्ति क्रसर उद्योग (पौराही), शिवशंकर क्रसर उद्योग (मोहम्मदपुर), हिमाल गिट्टी उद्योग (झुनखुनवा), शिवम गिट्टी उद्योग (पिप्रा भगवानपुर), गढीमाई क्रसर उद्योग, गायत्री बालुवा उद्योग, गढीमाई बालुवा प्रशोधन उद्योग, संकट मोचन वासिङ उद्योग, शिवम बालुवा वासिङ उद्योग, सुमुख बालुवा वासिङ उद्योग, महालक्ष्मी सेन्ड वासिङ उद्योग, बाबाको क्रसर उद्योग, बजरङ्गबली बालुवा प्रशोधन उद्योग र जगनी क्रसर उद्योगलगायतको अवस्था समेत समीक्षा गरेको छ।

अनुगमनका क्रममा कतिपय उद्योगले वातावरणीय प्रभाव मूल्यांकन आई इई (क्षभ) लगायतका कानुनी प्रक्रिया पूरा नगरी सञ्चालन गरिरहेको पाइएको निष्कर्ष निकालिएको छ। तर अवैध ठहरिएका उद्योगलाई तत्काल बन्द गराउने वा कानुनी कारबाही अघि बढाउनेभन्दा पनि केवल सरकारी निकायलाई खरिद नगर्न निर्देशन दिने निर्णय भएपछि प्रश्न उठ्न थालेका छन्।

# पत्रकार महासंघको दबावमूलक थप आन्दोलन

टुडे समाचारदाता

जनकपुरधाम । सूचना तथा विज्ञापनसम्बन्धी सरकारी निर्णयप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासंघले थप दबाबमूलक आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ।

महासंघले शुक्रबार विज्ञप्ति जारी गर्दै प्रेस स्वतन्त्रता, सूचनाको हक तथा निजी सञ्चारमाध्यमप्रति भएको विभेद अन्त्यका लागि चरणबद्ध आन्दोलनलाई थप सशक्त बनाउने जनाएको छ।

महासंघका अनुसार आन्दोलनअन्तर्गत जेठ २५ गते देशभरका संरचनाबाट सङ्कलन गरिएको हस्ताक्षर प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाइनेछ। त्यस्तै, जेठ २७ र २९ गते बिहान ११ बजेदेखि १२ बजेसम्म सबै जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना कार्यक्रम आयोजना गरिनेछ।

त्यसैगरी, असार १ र ३ गते प्रदेश समितिहरूको नेतृत्वमा सम्बन्धित मुख्यमन्त्री कार्यालयमा




धर्ना दिइने तथा असार ५ गते काठमाडौंमा पत्रकार, पेशागत संगठन र सरोकारवालाको सहभागितामा वृहत् ऐक्यबद्धता र्‍याली आयोजना गरिने कार्यक्रम तय गरिएको जनाइएको छ।

महासंघले २०८२ चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको परिपत्रप्रति आपत्ति जनाउँदै आएको छ। उक्त परिपत्रले सरकारी विज्ञापन तथा सूचना प्रवाहबाट निजी सञ्चारमाध्यमलाई वञ्चित गरेको भन्दै त्यसलाई विभेदकारी र प्रेसमैत्री वातावरण विपरीतको निर्णयको संज्ञा दिँदै आएको छ।

महासंघले उक्त निर्णय तत्काल खारेज गर्न, प्रेसको संवैधानिक अधिकारको रक्षा गर्न तथा संसद्को पहलमा सर्वपक्षीय कार्यदल गठन गरी आवश्यक संवैधानिक तथा कानुनी सुधारको प्रक्रिया अघि बढाउन सरकारसँग माग गरेको छ।

# गर्मी छल्न विद्यालयहरू धमाधम बन्द गरिँदै

महोत्तरी । महोत्तरीका स्थानीय तहले एकपछि अर्को गर्दै पछिल्लो साता बढेको गर्मी छल्न धमाधम विद्यालय बन्द गर्दैछन्। पछिल्लोपटक गौशाला नगर कार्यपालिकाको कार्यालयले आजदेखि आउने सोमबारसम्म नगर क्षेत्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको छ।

यसअघि बर्दिबास नगर कार्यपालिकाको कार्यालयले बिहीबारदेखि नै विद्यालय पूर्ण रूपमा बन्द गरिसकेको छ।

घामको प्रचण्ड रापसँगै बहने तातो हावाले बालबालिकाको स्वास्थ्य चासोलाई ख्याल गरिएर नगर क्षेत्रका सामुदायिक, संस्थागत र धार्मिक विद्यालय बन्द गर्ने निर्णय भएको गौशाला नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले सूचना जारी गर्दै जनाउनुभएको हो। विद्यालय बन्दको निर्णय गर्ने गौशाला र बर्दिबास दुवै जिल्लाका सुदूर उत्तरवर्ती स्थानीय तह हुन्।

जिल्लामा मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमा घामको राप र गर्मीको असर बढी छ। मध्य र दक्षिणी क्षेत्रको चिम्टयाइलो र लिसाइलो माटो हुँदा कम तात्ने हुन्छ। तर उत्तरी क्षेत्रको धेरैजसो भेगमा बलौटे माटो




भएको हुँदा चाँडै तात्ने र तातो वाफ फैलँदा यता राप र गर्मीको असर बढेको जलवायु र मौसमविज्ञ बर्दिबास-१ का बासिन्दा नागदेव यादव बताउनुहुन्छ।

जिल्लाका मध्य र दक्षिणी क्षेत्रमा पनि अब शनिबार र पर्सि आइतबारको मौसम अवस्था हेरेर यसबारे निर्णय लिने तयारीमा स्थानीय तह छन्। "शनिबार र आइतबार त नियमित साप्ताहिक बिदा नै छ, यसपछि सोमबारसम्म मौसममा सुधार नआए के गर्ने भन्ने सोचिन्छ", एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले भन्नुभयो। जिल्लामा १० नगरपालिका, पाँच गाउँपालिकासहित १५ स्थानीय तह छन्।

यसपटक गत शनिबारयता तापक्रम निकै बढेको छ। त्यसयता दिनहुँजसो एकटङ्गारको घामको राप बढ्दो छ। मध्याह्नदेखि अपराह्न ४:०० बजेसम्म ३८/३९ डिग्री सेल्सियस तापमान रहने गरेको छ।

यो पछिल्लो साताको उखरमाउलो गर्मीले हाटबजार र कार्यालयहरूमा पनि चहलपहल निकै घटेको छ। सामान्य हिँडडुल पनि सकस बनेको छ। यसले विद्यालय पढ्न जाने स-साना नानी, वृद्धवृद्धा, गर्भवती, सुत्केरी र कडा शारीरिक श्रम गर्ने मजदुर बढी समस्यामा परेका छन्। रासस

# मौलिक हक कार्यान्वयन गर्न आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक कार्यान्वय गर्नुपर्नेमा जोड दिएको छ।

आयोगले शुक्रबार जारी गरेको विज्ञप्तिमा वातावरण प्रदूषणको जोखिमलाई गम्भीर रूपमा लिँदै सचेत रहन, वातावरण संरक्षणमा सक्रिय सहभागिता जनाउन, प्रदूषण न्यूनीकरण गर्नुपर्नेमा जोड दिएको हो। जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "जैविक विविधताको संरक्षण गर्न तथा वर्तमान र भावी पुस्ताका लागि सुरक्षित एवं दिगो वातावरण निर्माणमा सहयोग गर्न आयोग सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ।"

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले स्वच्छ वातावरणमा बाच्न पाउने मौकिल हकको संरक्षण, प्रवर्द्धनका लागि प्रभावकारी कदम चाल्न आग्रह गरिएको बताउनुभयो।

आयोगले भक्तपुरको मध्यपुर ठिमीमा जथाभावी फोहर फालेका कारण वातावरणमा नकारात्मक असर परेको र डडेल्धुराको अमरगढी नगरपालिकामा मानव वस्तीका बीचमा स्थानीयहरुको विरोधका बाबजुद जबरजस्ती डम्पिङ साइट बनाउन प्रयास गरेको भनी आयोगमा उजुरीसमेत परी कारबाहीको प्रक्रियामा रहेको जनाएको छ।

आयोगले पछिल्ला वर्षहरूमा वायु प्रदूषण, वन विनाश, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापनको कमजोरी तथा प्राकृतिक स्रोतहरूको असन्तुलित दोहनका कारण वातावरणीय अवस्था जटिल बन्दै गएको तथा यसले जनस्वास्थ्य, जीविकोपार्जन तथा जीवनस्तरमा पारेको नकारात्मक प्रभावप्रति आयोग गम्भीर चिन्ता व्यक्त गरेको छ। रासस

# जनकपुरधामको पर्यटकीय विकास गरिने

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशका राजधानी धार्मिक नगर जनकपुरधामलाई प्रदेशको मात्र नभई देशकै प्रमुख धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गरिने बताएका छन्।



जनकपुरधाममा नवनिर्मित चारतारे होटल 'पौवा' को उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले भने धार्मिक नगर जनकपुरधाममा पर्यटनको अपार सम्भावना रहेको छ। ती सम्भावनाहरुलाई सरकारले विभिन्न योजनासहित अघि बढाएर देशर्क प्रमुख धार्मिक पर्यटन गन्तव्यको रुपमा अघि बढाउन प्रतिबद्ध रहेको छ।

भारतको अयोध्यास्थित राम जन्मभूमिमा वार्षिक रूपमा करोडौं श्रद्धालु पुग्ने गरेको उल्लेख गर्दै तीमध्ये सानो हिस्सा मात्र माता जानकीको जन्मभूमि यस जनकपुरधाममा आकर्षित भएर आएमा यस क्षेत्रको पर्यटन तथा आर्थिक गतिविधिमा ठूलो परिवर्तन आउने निश्चित रहेको उनले भने।

मुख्यमन्त्री यादवले जनकपुरधाम-अयोध्या सिधा हवाई सेवासँग जोड्ने तयारी प्रदेश सरकारले अघि बढाइसकेको जानकारी दिदै भने निकट भविष्यमै बुद्ध एअरले उडान सेवा सुरु गर्ने गरी प्रक्रिया अघि बढाइएको जानकारी दिए। उनले उक्त सेवा सञ्चालनमा आएपछि भारतीय पर्यटकको आगमन उल्लेख्य रूपमा वृद्धि हुनेछ। त्यसले यहाँका पर्यटकीय विकास मात्र नभई आर्थिक र सामाजिक विकासको समेत टेवा पुग्ने उनको विश्वास छ।

कार्यक्रममा मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले यहाँ संचालित होटलहरुले मिथिला कला, संस्कृति, परम्परा तथा स्थानीय परिकारको संरक्षण र प्रवर्द्धनमा जोड दिएमा धार्मिक र आर्थिक विकासमा ठूलो मद्दत पुग्नेछ।

होटल पौवा सञ्चालक समितिका अध्यक्ष दुर्गा भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा होटलका उपाध्यक्ष ध्रुवराज न्यौपानेले होटलले धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासमा महत्वपूर्ण योगदान पुर्याउने विश्वास व्यक्त गरे।

# बाँदर आतंकको समाधान खोज्दै सरकार, कार्यदलले माग्यो राय सुझाव

काठमाण्डु । सरकारले बाँदर तथा अन्य वन्यजन्तुले कृषि बालीनालीमा पुऱ्याइरहेको क्षति नियन्त्रणका उपाय खोज्न सर्वसाधारणबाट सुझाव संकलन शुरु गरेको छ। कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत गठित 'मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, प्राविधिक कार्यदलले उक्त विषयमा १५ दिनभित्र राय सुझाव उपलब्ध गराउन अनुरोध गरेको हो।

बाँदर, बँदेल, नीलगाई र दुम्सीलगायतका वन्यजन्तुबाट हुने क्षति कम गर्ने उपाय र नीतिगत सुधारका लागि कार्यदलले सर्वसाधारण तथा विज्ञहरूसँग सुझाव मागेको हो।



मन्त्रालयका उपसचिव एवं कार्यदलका सदस्य शिला ज्ञवालीले किसान, स्थानीय तह, सरोकारवाला निकाय तथा विज्ञहरूको अनुभव र प्राविधिक सुझावका आधारमा व्यावहारिक तथा कार्यान्वयनयोग्य समाधान खोज्न लागेको बताउनुभयो। उक्त विषयमा इच्छुकले आफ्नो राय सुझाव प्राविधिक कार्यदलको सचिवालय, मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरिएको इमेल र क्यूआर कोडमार्फत उपलब्ध गराउन सक्ने जनाएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका प्रतिनिधिहरू, संरक्षणकर्मी तथा अनुसन्धानकर्ता, अर्थविज्ञ, कृषि, पशु चिकित्सकलगायतका विज्ञ सदस्यहरू उक्त कार्यदलमा हुनुहुन्छ।

कार्यदलका संयोजक होम क्षेत्रीले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि नीति, कार्यक्रम, राहत, क्षतिपूर्ति र व्यावहारिक व्यवस्थापनका उपायबारे राय सुझाव सङ्कलन गरिने बताउनुभयो।

बाँदरलगायत वन्यजन्तुबाट पीडितकिसानलाई तत्काल राहत दिन र दीर्घकालीन रणनीति बनाउन पूर्व संयुक्त राष्ट्रसङ्घीय अन्तरराष्ट्रिय विज्ञ क्षेत्रीको समन्वयमा उक्त कार्यदलले स्थलगत अध्ययनसमेत अघि बढाइसकेको छ। "कार्यदलले देशैभरिबाट व्यावहारिक एवं कार्यान्वयनयोग्य उपाय माग्ने र स्थलगत रूपमा काम सुरु गरिसकेको छ", उहाँले भन्नुभयो।

पूर्वी पहाडदेखि सुदूरपश्चिमसम्म वन्यजन्तुको निरन्तर आक्रमणका कारण हजारौँ परिवार खेतीपाती छोड्न, दिनरात खेतबारी कुर्न र कतिपय ठाउँमा गाउँ नै छाडेर बसाइँ सर्न बाध्य भएकाले सरकारले यस समस्यालाई निकै गम्भीरताका साथ लिएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहले प्रतिनिधिसभाको यही जेठ १७ गतेको बैठकमा सांसदहरूसँगको प्रश्नोत्तरका क्रममा उक्त समस्या समाधानका लागि कार्यदल गठन भएको जानकारी गराउनुभएको थियो।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आत्मविश्वास बढ्ने दिन हो। काममा नयाँ जिम्मेवारी आउन सक्छ।
वृष : मन शान्त रहनेछ। पुराना काम पूरा हुने संकेत छ।
मिथुन : बोलिचालीले काम बन्नेछ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ।
कर्कट : भावनात्मक पक्ष बलियो रहनेछ।
सिंह : नेतृत्व क्षमता देखिनेछ। काममा प्रशंसा पाइनेछ।
कन्या : योजना अनुसार काम अघि बढ्नेछ। सानो लाभको योग छ।
तुला : सम्बन्धमा मिठास बढ्नेछ। साझेदारी काम लाभदायक हुनेछ।
वृश्चिक : गोप्य कुरा बाहिर नल्याउनु राम्रो। काममा ध्यान केन्द्रित गर्नुहोस्।
धनु : नयाँ अवसर देखिन सक्छ। यात्राको योग बलियो छ।
मकर : मेहनतको फल पाइनेछ। काममा जिम्मेवारी बढ्नेछ।
कुम्भ: नयाँ सोच विकास हुनेछ। सृजनात्मक काममा सफलता मिल्नेछ।
मीन: मन संवेदनशील रहनेनछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## बाह्र प्रमुख जिल्ला अधिकारी र छ सहसचिवको सरुवा तथा पदस्थापना

काठमाण्डु । गृह मन्त्रालयले १८ जना सहसचिवको सरुवा तथा पदस्थापना गरेको छ । मन्त्रालयले आज १२ जना प्रमुख जिल्ला अधिकारी र छ सहसचिवको सरुवा गरेको हो । मन्त्रालय वा अन्तर्गत रहेका सहसचिवलाई विभिन्न जिल्लामा प्रमुख जिल्ला अधिकारीका रूपमा नयाँ जिम्मेवारी (पदस्थापन) दिइएको छ भने अवधि पुगेका अन्य अधिकारीलाई एक जिल्लाबाट अर्को जिल्लामा सरुवा गरिएको छ ।

मन्त्रालयले सहसचिव निराजन घिमिरेलाई स्याङ्जा, कुमानसिंह गुरुङलाई कास्की र लक्ष्मी पाण्डे गौतमलाई धादिङको प्रमुख जिल्ला अधिकारीमा पदस्थापना गरेको छ । यस्तै स्याङ्जाका प्रजिअ ईश्वरीप्रसाद अर्याललाई सङ्खुवासभा, नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रजिअ भविश्वर पाण्डेलाई पाल्पा, सुर्खेतका प्रजिअ जगदीश्वर उपाध्यायलाई नलपलपरासी (बर्दघाट सुस्तापूर्व), रामेछापका प्रजिअ श्यामकृष्ण थापालाई सप्तरी, कास्कीका प्रजिअ रुद्रादेवी शर्मालाई धनकुटाको प्रमुख जिल्ला अधिकारी र सङ्खुवासभाका




प्रजिअ सिर्जना थपलियालाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय काठमाडौँ सरुवा गरिएको छ ।

यस्तै ओलखढुङ्गाका प्रजिअ मेखबहादुर मङ्गातीलाई उदयपुर, सप्तरीका प्रजिअ टुवराज पोखरेललाई ओखलढुङ्गा, धादिङका प्रजिअ विजयराज सुवेदीलाई सर्लाही, पाल्पाका प्रजिअ विनु बज्राचार्यलाई रामेछाप, उदयपुरका प्रजिअ धर्मराज जोशीलाई सुर्खेतको प्रमुख जिल्ला अधिकारी र सर्लाहीका प्रअजि रामुराज कडरियालाई गृह मन्त्रालयमा सरुवा गरिएको छ ।

मन्त्रालयका प्रवक्ता सहसचिव आनन्द काफ्लेले प्रमुख जिल्ला अधिकारीहरूको सरुवा तथा पदस्थापन एक नियमित प्रशासनिक प्रक्रिया भएको बताउनुभयो । मन्त्रिपरिषद्को निर्णयबमोजिम गृह मन्त्रालय वा अन्तर्गत सरुवा भइआएका सहसचिवलाई जिम्मेवारी दिन र रिक्त रहेका जिल्लामा पदपूर्ति गर्न तथा अवधि पूरा गरिसकेका प्रमुख जिल्ला अधिकारीलाई अन्यत्र व्यवस्थापन गरिएको उहाँले स्पष्ट पार्नुभयो ।

मन्त्रालयले सहसचिव बलराम निरौलालाई अध्यागमन कार्यालय गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल भैरहवामा पदस्थापना गरेको छ । सहसचिव प्रदीपकुमार कोइरालालाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवसथापन प्राधिकरण र सहसचिव कृष्ण पौडेललाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा पदस्थापन गरिएको मन्त्रालयले जनाएको छ । रासस

### सन्दर्भ विश्व वातावरण दिवसः

# ‘जोगाए पो प्रकृति जोगिएला भविष्य’

काठमाण्डु । ए मान्छे हो,
रोक आफैँलाई डढाउन खोज्ने हातहरु,
पछि फर्काउ विष कुण्डतिर बढेका
तिम्रा ती खुट्टाहरु;
रुखलाई संरक्षण गर्न प्रयोग गर,
भविष्यमाथि बन्चरो नहान,
बुझ र फर्क
हरित नेपालतर्फ ।

कवि निर्मलमणि अधिकारीको ‘बुझ र फर्क’ शीर्षकको कविताबाट ल्याइएको यी हरफहरुले हरियाली, जीवन र भविष्यप्रतिको चिन्तालाई उजागर गरेको छ । हरित नेपालतर्फ फर्किन गरेको कविको आह्वान आजको जलवायु सङ्कट र पर्यावरणीय चुनौतीबीच अझै सान्दर्भिक र अर्थपूर्ण बनेर उभिएको छ ।

यस्तै सन्देश विश्वप्रसिद्ध गायक माइकल ज्याक्सनको ‘अर्थ सङ’ ले पनि तीन दशकअघि नै दिएको थियो ।

के तिमीले कहिल्यै रोकेर हेर्यौ
युद्धमा मारिएका बालबालिकाहरू ?
के तिमीले कहिल्यै रोकेर हेर्यौ
यो रोइरहेकी पृथ्वी, यो विलाप गरिरहेको किनारा ?

यी हरफहरूले युद्ध, वन विनाश, प्रदूषण र मानवको उदासीनताप्रति गम्भीर प्रश्न उठाउँछन् । आज विश्वले भोगिरहेको जलवायु सङ्कटलाई हेर्दा माइकल ज्याक्सनको त्यो गीत भविष्यवाणीझैँ लाग्छ ।

पृथ्वी अहिले जलवायुजन्य सङ्कटमा छिन । कतै अत्यासलाग्दो गर्मीको लहर छ, कतै भीषण बाढी । कतै सुक्दै गएका छन् पानीका मुहान । अनि गहिरिँदै छ, खानेपानीको सङ्कट । जलवायु परिवर्तनका कारण हिमालहरूले हिउँ गुमाउँदै छन् । नदीहरूको बहाव अनिश्चित बन्दै गएको छ । मानव गतिविधिका कारण वातावरणीय सन्तुलन बिग्रँदा बाढी, पहिरो, डुबान, वन डढेलो, खडेरी र तातो हावाका लहरजस्ता विपद्हरुले पृथ्वीको अस्तित्वलाई नै नास गर्ने त होइन ? भन्ने चिन्ताजनक प्रश्न तेर्सिएको छ ।

सुक्खा मौसमले खाद्य सङ्कट निम्ताउला कि भन्ने चिन्ता उस्तै छ । जलवायु परिवर्तनका कारण ती सेता हिमाल कालो पथ्थरमा परिणत हुने हो कि डर पनि छ । वातावरणीय न्यायका लागि सडकदेखि सदनसम्म र राष्ट्रिय तहदेखि अन्तरराष्ट्रिय तहसम्म आवाज उठी नै रहेका छन् । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २९ औँ शिखर सम्मेलनजस्ता अन्तरराष्ट्रिय फोरमहरुमा जलवायु न्यायका लागि नेपाललगायत जलवायु प्रभावित विकासोन्मुख मुलुकले उठाएका जलवायु न्यायका आवाजहरु कहिले कार्यान्वयन हुने हुन् त्यो भने हेर्न बाँकी नै छ ।

नेपालमा सन् २०२१ को मेलम्ची बाढी, २०८१ साउन ३२ गतेको १ः३० बजे सोलुखुम्बुस्थित खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहित आएको बाढी, २०८२ असार २४ गते सुप्राग्लेसियर ताल फुटेर रसुवाको ल्हेन्दे खोलामा अचानक आएको बाढी तथा भारतको उत्तराखण्डमा सन् २०१३ मा आएको केदारनाथ बाढी, भारतको सिक्किममा सन् २०२३ मा भएको दक्षिण ल्होनाक हिमताल विस्फोटजन्य बाढीलगायतका घटनालाई जलवायु परिवर्तनका ज्वलन्त उदारणको रुपमा लिइन्छ ।

विश्व मौसम सङ्गठनले सन् २०२५ जलवायु परिवर्तनका दृष्टिले अत्यन्तै चिन्ताजनक वर्षका रूपमा लिएको छ । सङ्गठनका अनुसार विश्वव्यापी रूपमा तापक्रम वृद्धि, चरम मौसमीय घटना र वातावरणीय असन्तुलनले मानव जीवन, कृषि र पारिस्थितिक प्रणालीमा गम्भीर प्रभाव पारेका छन् । सन् २०२५ इतिहासकै सबैभन्दा तातो वर्षमध्ये शीर्ष तीनमा परेको सङ्गठनको



तथ्याङ्क जनाउँछ । पछिल्लो दशकभरि लगातार नयाँ तापक्रम रेकर्ड कायम भइरहेको भन्दै विश्वका वैज्ञानिकहरूले चिन्ता जनाएका छन् । यसवर्ष नै अफ्रिका, एसिया र युरोपका विभिन्न क्षेत्रमा व्यापक गर्मीको लहर (हिटवेभ) देखियो, जसले कृषि उत्पादनमा गिरावट ल्यायो ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा खडेरी पर्नसक्ने र सुक्खा बढ्नसक्ने प्रक्षेपण गरेको छ । मनसुन अवधि (समान्यतया जेठ १८ देखि असोज १४ सम्म) चार महिनामा अधिकांश भू-भागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम् र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको बताउनुहुन्छ जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईँ । यसले गर्दा बर्खे धान रोपाइँलाई असर गर्नसक्ने र उत्पादनमा समेत ह्रस आउनसक्ने भन्दै कृषकहरु चिन्तित छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गतवर्ष पनि मधेसमा सुक्खा बढ्दा आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएकामा चालु आव ४.२० प्रतिशतले कमी भई ५७ लाख पाँच हजार १२६ मेट्रिक टन उत्पादन भएको छ ।

सुक्खाकै कारण मधेस क्षेत्रलगायत तराईका अधिकांश स्थानमा खानेपानीको सङ्कट बढ्दो रहेको छ । सङ्घीय सदनमा सांसदहरुले मधेशमा सुक्खाको समस्या बढिरहेको भन्दै समाधानका लागि तत्काल बजेट व्यवस्थापन गर्न सरकारलाई आग्रह गर्दै आइरहेका छन् । विश्वको तापक्रम वृद्धि १.५ डिग्रि सेन्टिग्रेडमा कायम राख्न सकिए पनि एक्काइसौ शताब्दीका अन्त्यसम्म हिमालय क्षेत्रबाट ३६ प्रतिशत हिउँ पग्लने अध्ययनले देखाएको छ ।

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको एल निनोका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ । विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) अन्तर्गतको बहु-मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरुआतमा कमजोर बन्दै गएको ला निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भए पनि आगामी महिनाहरूमा बलियो एल निनो विकसित हुने सङ्केत देखिएको छ । प्रशान्त महासागरमा विकसित भइरहेको एल निनोसँगै सकारात्मक आइओडीको प्रभावले दक्षिण एसियाली मनसुन प्रणालीमा थप असर पार्न सक्ने मौसमविद्हरूको भनाइ छ ।

पूर्वानुमानअनुसार उत्तरी अमेरिका, युरोप, अफ्रिका तथा एसियाका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने सम्भावना उच्च छ । दक्षिण तथा पूर्वी एसियामा तापक्रम वृद्धि हुने सम्भावना अझ बढी रहेको उल्लेख गरिएको छ । दक्षिणी गोलार्द्धका दक्षिण अमेरिका, दक्षिणी अफ्रिका तथा अस्ट्रेलियाका धेरै क्षेत्रमा पनि औसतभन्दा बढी तापक्रम रहने सङ्केत देखिएको छ ।

भूमध्यरेखीय अफ्रिका तथा समुद्री दक्षिणपूर्वी एसियामा समेत तापक्रम सामान्यभन्दा माथि रहने सम्भावना प्रबल छ । विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार एल निनोको तीव्र विकासले विश्वव्यापी तापक्रम वृद्धि, खडेरी, पानीको अभाव तथा चरम मौसमी घटनाहरूको जोखिम बढाउन सक्छ । त्यसैले प्रभावित हुनसक्ने क्षेत्रहरूले कृषि, जलस्रोत व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणका लागि समयमै तयारी गर्नुपर्ने आवश्यकता रहेको औल्याउनुभयो ।

हिन्दूकुश हिमालय क्षेत्रका आठ देशमध्ये चार देशले सन् २०२५ मा १० भन्दा बढी ठूला विपद् सामना गरेको तथ्याङ्क सार्वजनिक भएको छ । एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड) को विश्लेषणले यस क्षेत्र जलवायुजन्य तथा प्राकृतिक प्रकोपको बढ्दो जोखिममा रहेको देखाएको हो । आइसीआइमोडले आपत्कालीन घटनासम्बन्धी अन्तरराष्ट्रिय तथ्याङ्क (इएम-डेटा) को विश्लेषण गर्दै यी क्षेत्रका देशहरूले सन् २०२४ मा मात्रै बाढी, पहिरो, आँधीबेहरीलगायत पानीजन्य विपद्का कारण छ अर्ब अमेरिकी डलरभन्दा बढी आर्थिक क्षति बेहोरेको जनाएको छ ।

मनसुनी वर्षाका कारण बङ्गलादेश, भारत, नेपाल र पाकिस्तानमा बारम्बार बाढी र पहिरोका घटना भए । केही स्थानमा हिमताल विस्फोटजन्य बाढी (ग्लेसियल लेक आउटबर्स्ट फ्लड) का घटनासमेत दर्ज भएका छन् । यी विपद्का कारण क्षेत्रभर करिब १२ लाख मानिस प्रत्यक्ष प्रभावित वा विस्थापित भएका छन् । इएम-डेटाका अनुसार विश्वव्यापी रूपमा सन् २०२५ मा विपद्सम्बन्धी आर्थिक क्षति १६९ अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको अनुमान गरिएको छ । पछिल्ला वर्षहरूमा हिमाली क्षेत्रमा बाढी, पहिरो तथा अन्य जोखिमहरू एकअर्कासँग गाँसिँदै गएको र यसले घर, पूर्वाधार तथा आधारभूत सेवामा हुने क्षति झन् बढाएको इसिमोडको निष्कर्ष छ । विज्ञहरूले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा चरम मौसमीय घटनाको आवृत्ति र तीव्रता बढ्दै गएको भन्दै समयमै अनुकूलन, पूर्वसूचना प्रणालीको विस्तार तथा बहुविपद् जोखिम व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वातावरणमैत्री र दिगो विकासको अवधारणालाई प्रभावकारी रूपमा अवलम्बन गर्न नसक्दा विश्वले जलवायुजन्य सङ्कटको सामना गरिरहेको बताउनुभएको छ । उहाँले जलवायु परिवर्तनका असरहरू विश्वभर बढ्दै गएको उल्लेख गर्दै विकासका गतिविधिलाई प्रकृति र वातावरणसँग सन्तुलित ढङ्गले अगाडि बढाउन आवश्यक रहेकामा जोड दिनुभयो । “जलवायु तथा प्रकृतिमैत्री विकासलाई प्रवर्द्धन गर्दै विकास र वातावरणलाई सँगसँगै अघि बढाउने सन्देश प्रवाह गर्नुपर्छ,” महानिर्देशक सुवेदीले भन्नुभयो, “आर्थिक समृद्धि र पूर्वाधार विकासलाई मात्र प्राथमिकता दिने प्रवृत्तिले प्राकृतिक स्रोत साधनमाथि दबाब बढाएको छ, जसका कारण जलवायु परिवर्तनका जोखिम र चुनौतीहरू थप गम्भीर बन्दै गएका छन् ।”

विकासका योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका क्रममा वातावरणीय पक्षलाई समान महत्व दिनुपर्ने उहाँको भनाइ छ । महानिर्देशक सुवेदीले दिगो विकासका लक्ष्य हासिल गर्न हरित विकास, वातावरण संरक्षण तथा जलवायु अनुकूलनका उपायहरूलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउँदै विकास र वातावरणबीच सन्तुलन कायम गर्न सके मात्र दीर्घकालीन समृद्धि सुनिश्चित हुने बताउनुभयो ।

जलवायु अभियन्ता गीता पाण्डेले वातावरण संरक्षणलाई औपचारिक कार्यक्रम वा हरेक दिनको उत्सवमा सीमित नगरी दैनिक जीवन, समुदाय र परम्परागत अभ्याससँग जोड्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले नेपालका विभिन्न आदिवासी तथा स्थानीय समुदायहरूले पुस्तौँदेखि प्रकृतिसँग सहअस्तित्वमा आधारित जीवनशैली अपनाउँदै आएको उल्लेख गर्नुभयो । यसवर्ष जुन ५ अर्थात् विश्व वातावरण दिवसकै दिन थारु समुदायको परम्परागत ‘धुरिया पूजा’ परेको सन्दर्भ उल्लेख गर्दै उहाँले यसलाई वातावरण संरक्षण र सांस्कृतिक परम्पराबीचको गहिरो सम्बन्धको प्रतीकका रूपमा व्याख्या गर्नुभयो ।

थारु समुदायमा प्रत्येक वर्ष जेठ महिनामा, मनसुन सुरु हुनुअघि मनाइने धुरिया पूजामा विभिन्न गाउँका बडघर र चौधरियाहरू एकै स्थानमा भेला भई जलस्रोतको पूजा गर्नुका साथै समुदायका साझा सरोकारका विषयमा छलफल गर्ने परम्परा रहेको छ । यस पर्वले प्रकृति, वन, जलस्रोत तथा वातावरणप्रतिको सम्मान, संरक्षण र सहअस्तित्वको सन्देश प्रवाह गर्ने विश्वास गरिन्छ । पाण्डेका अनुसार पुस्तौँदेखि अभ्यास हुँदै आएको झुरिया पूजा जलस्रोतप्रतिको सम्मान र संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

विश्व वातावरण दिवस र झुरिया पूजा एउटै दिन पर्नु केवल संयोग मात्र नभई प्रकृतिसँगको सम्बन्ध तथा वातावरण संरक्षणप्रतिको साझा जिम्मेवारीलाई स्मरण गराउने महत्वपूर्ण अवसर भएको उहाँले बताउनुभयो । जलवायु परिवर्तनका चुनौती बढ्दै गएको वर्तमान अवस्थामा यस्ता परम्परागत ज्ञान र अभ्यासको संरक्षण तथा प्रवर्द्धन गर्दै वातावरण संरक्षणका प्रयासलाई थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पूर्वमन्त्री दीपक ज्ञवालीले नेपालमा भइरहेका अव्यवस्थित सडक निर्माणका कारण कमजोर पहाडी भूबनोटमा जथाभावी सडक विस्तारले विपद् जोखिम बढाएको बताउनुभयो । “जलवायु परिवर्तनका कारण माटो सुक्दै गएको छ, जसले सबैभन्दा बढी असर गरिब समुदायलाई पारिरहेको छ”, उहाँले भन्नुभयो, “अबको बाटो भनेको राज्यले जलवायु लगानी बढाउनुपर्छ । खाली अन्तरराष्ट्रिय वित्तमा मात्रै भर पर्नुभएन ।

विपद् व्यवस्थापनविद् अच्युत लुइँटेलले विकास र वातावरणबीच सन्तुलन कायम गर्न नसके जलवायुजन्य विपद् अझै बढ्नसक्ने भन्दै दिगो, वातावरण तथा जलवायुमैत्री विकासलाई अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो । वातावरण अभियन्ता आरती पौडेलले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय नीतिहरू र स्थानीय समुदायका वास्तविक आवश्यकता तथा अनुभवबीच अझै पनि उल्लेख्य दूरी रहेको बताउनुभएको छ । “जलवायु सङ्कटको प्रभाव न्यूनीकरण र दिगो भविष्य निर्माणका लागि स्थानीय समुदायको भूमिका केन्द्रमा राख्न आवश्यक छ । प्रकृतिसँग सहकार्य गर्दै अघि बढ्नु अब विकल्प होइन, अपरिहार्यता हो”, उहाँले भन्नुभयो ।

वातावरण कानुनविद् प्रकाशमणि शर्माले जलवायु न्यायको सुनिश्चितमार्फत जलवायु परिवर्तनबाट प्रभावित समुदायको अधिकार संरक्षण गर्न सकिने बताउनुभयो । प्रकृतिको समृद्धिबिना मानव सभ्यताको समृद्धि सम्भव नहुने उहाँको भनाइ छ । शर्माले विश्वव्यापी रूपमा तापक्रम वृद्धि भइरहेका कारण जलवायु परिवर्तनका चुनौतीलाई गम्भीरतापूर्वक सम्बोधन गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

“हिमालहरू पानीका टावर हुन्”, उहाँले भन्नुभयो, “हिमशृङ्खलाहरू तीव्र रूपमा पग्लिँदै गए र पानीको भण्डार घट्दै गयो भने भविष्यमा अर्बौं मानिसले खानेपानीको गम्भीर सङ्कट सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।

” शर्माले जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी गरिब तथा सीमान्तकृत समुदाय प्रभावित हुने बताउनुभयो । उहाँका अनुसार यस्ता समुदायसँग अनुकूलनका लागि आवश्यक स्रोत र क्षमता कम हुने भएकाले जलवायु सङ्कटको भार पनि उनीहरूले नै बढी वहन गर्नुपरेको छ । उहाँले वातावरणीय पक्षलाई बेवास्ता गर्दै अगाडि बढाइने विकासले अन्ततः विनाश निम्त्याउन सक्ने चेतावनी दिनुभयो । जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय सन्धि-सम्झौता, नेपालको संविधानको धारा ३० ले सुनिश्चित गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक तथा वातावरण संरक्षणसँग सम्बन्धित कानुन र राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयनमा शर्माले जोड दिनुभयो । “जलवायु परिवर्तनको चुनौती सामना गर्न कानुनी व्यवस्था, नीतिगत प्रतिबद्धता र व्यवहारिक कार्यान्वयनबीचको दूरी कम गर्न आवश्यक छ”, उहाँले भन्नुभयो, “प्रकृति संरक्षण र दिगो विकासलाई सँगसँगै अगाडि बढाउन सके मात्र भावी पुस्ताको सुरक्षित भविष्य सुनिश्चित गर्न सकिन्छ ।” रासस

# स्वस्थ र सुरक्षित जीवनयापनमा आशावादी छन् होल्डिङ सेन्टरमा सुकुमवासी

कीर्तिपुर । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरको राधास्वामी सत्संग परिसरस्थित होल्डिङ सेन्टरमा भेटिएका डम्बर तामाङलाई लागेको छ, अब जीवन नयाँ तरिकाले अघि बढ्छ । सधैँ यस्तै त नहोला नि !”

वर्षायाम सुरु भएसँगै आफू बसेको थापाथलीको बागमती किनारमा हुने बाढीको त्रासदी उहाँलाई अहिले पनि याद आउँछ । हरेक वर्ष पानी पर्न थालेपछि बागमतीले सातो लिन थाल्थ्यो । परिवारसहितको बास त थियो त्यो तर आफ्नो स्वामित्व नभएको । सबैको नजरमा परेको तर देशका कुनै पनि निकाय वा कानुनले नचिन्ने ठाउँ थियो त्यो । पानी, बिजुली, बाटोघाटो सबै अनौपचारिक ।

ढल र फोहरमैला सिधैँ नदीमा मिसिंदा त्यसको दुर्गन्धले आफूहरुलाई मात्र नभई उपत्यकावासी नै पिरोलेको थियो । अनेक फोहरमैलासहित प्रदूषित पानी बग्ने बागमतीले डम्बरसहितका सुकुमवासीलाई कति थरी रोग दिएर जान्थ्यो, त्यहाँ बसुन्जेल कसैलाई पत्तो हुने थिएन ।

अहिले होल्डिङ सेन्टरमा नियमित स्वास्थ्य परीक्षण हुँदा पो धेरैलाई थाहा भएको छ, बागमती किनारको बसाइले शरीरमा कहाँकहाँ समस्या पारेको छ । सुकुमवासीबीच सङ्कलित तथ्याङ्कले बताएको छ, खोला किनारको जीवन कति जोखिममा थियो भनेर । सेन्टरमा जानुअघि दशरथ रङ्गशालामा चार सय ९७ जनाको स्वास्थ्य परीक्षण गर्दा झण्डै ३० प्रतिशतमा उच्च रक्तचाप, १५ प्रतिशतमा मधुमेह देखिएको थियो । त्यस्तै १६ प्रतिशतमा मांशपेशीसम्बन्धी समस्या, १३.५ प्रतिशतमा ग्याष्ट्रिक र सात प्रतिशतमा मानसिक समस्या र ४.५ प्रतिशतमा श्वास प्रश्वाससम्बन्धी देखिएको थियो ।

सेन्टरमा पुगेपछि प्रायः सबैको स्वास्थ्य परीक्षण भयो र समस्याको अंक झन् बढ्यो तर सेन्टरमा समस्या मात्र उजागर भएको छैन, उपचार पनि सुरु भएको छ र निरन्तर अहिले पनि चलिरहेकै छ । चिकित्सकले तथ्याङ्कमा समेटेकामध्ये ३८.५ प्रतिशतको परिवारका कोही न कोही सदस्यको मृत्यु खोला किनारको बसाइका क्रममा भएको देखियो । यसमध्ये बाढी र डुबान तथा पुल, सडक र इनारमा भएका दुर्घटनाबाट झण्डै साढे नौ प्रतिशतले ज्यान गुमाए । दम र निमोनियाबाट आठ प्रतिशत र सरसफाइजन्य सरुवा रोग जस्तै क्षयरोग, डेंगु र टाइफाइडबाट आठ प्रतिशत मृत्यु भएको पाइयो । यसका अधिकांश कारण खोला किनारको जोखिमपूर्ण जीवन नै थियो ।

प्रदूषित खानेपानी, फोहोर र फोहरजन्य पानी जमिरहने स्थानमा दैनिकी गुजार्ने सुकुम्बासीहरुमा लामखुट्टेलगायतले सार्ने किटजन्य सरुवा रोग फैलनु स्वभाविकै रहेको शुक्रराज ट्रपिकल तथा



सरुवा रोग अस्पतालका निर्देशक डा. अनुप बाँस्तोला बताउनुहुन्छ । सुकुम्बासी राखिएका छ वटै होल्डिङ सेन्टरमा चिकित्सा टोलीको नेतृत्व गर्नुभएका डा बाँस्तोलाका अनुसार मुटुरोग, क्यान्सर र उच्च रक्तचाप जस्ता नसर्ने रोगहरुका कारण पनि २८ प्रतिशतको मृत्यु भएको छ । अहिले पनि पाटन अस्पताल, प्रसूति गृह, लगनखेलस्थित मानसिक अस्पतालका चिकित्सकसहितको टोलीले थप परीक्षण र उपचारलाई तीव्रता दिइरहेको छ ।

त्यसो त होल्डिङ सेन्टरका डम्बरलाई रेटिनाको समस्याले गर्दा मसिनो चिज देख्न र पढ्न गाह्रो छ । उहाँलाई लागेको छ, अहिले जत्तिकै नियमित स्वास्थ्य परीक्षण त्यति बेलै गर्न पाएको भए समस्या त्यति जटिल नहुन पनि सक्थ्यो । सेन्टरमा आएका चिकित्सकको परामर्शपछि उहाँ त्रिपुरेश्वस्थित आँखा अस्पताल जानुभयो । त्यहाँका चिकित्सकहरुले तिलगङ्गा आँखा अस्पतालमा थप उपचारका लागि जान सल्लाह दिएका छन् । अब त्यतै गएर उपचार गराउने सुरमा हुनुहुन्छ उहाँ ।

थापाथलीमा डम्बर जस्ता सयौँ छन्, जसलाई जीवन भनेकै बागमतीको किनारको बसोबास भन्ने थियो । अहिले सबैलाई अन्धकारबाट उज्यालोको खोजीमा बसे जस्तो भएको छ । ‘‘सरकारले कतै न कतै त पक्कै व्यवस्था गर्ने भनेकै छ, किन चिन्ता गर्नु ?’’, उहाँ भन्नुहुन्छ । डम्बरकी पत्नी र छोराछोरीको स्वास्थ्य परीक्षण पनि होल्डिङ सेन्टरमै भएको छ । पत्नीलाई मुटुसम्बन्धी समस्याका लागि अस्पताल जान पनि स्वास्थ्यकर्मीहरुले सुझाएका छन् ।

करिब २० वर्ष थापाथलीको नदी किनारामा बिताएकी ५० वर्षे पुनम मगरलाई केही समयदेखि उच्च रक्तचाप, मधुमेह र नशाको समस्या थियो । समस्या बढेपछि सेन्टरकै पहलमा आकस्मिक उपचार गराइएको पनि उहाँ बताउनुहुन्छ । ‘‘धेरै थरीको परीक्षण यहाँ भयो र उपचार गर्न अस्पताल गइयो’’, उहाँ भन्नुहुन्छ । त्यहाँबाट अस्पताल पुगेपछि भने महङ्गो औषधिहरु आफैँ किन्नुपर्ने बाध्यता रहेको पनि उहाँले सुनाउनुभयो । अर्का सुकुम्बासी खिमबहादुर मगर अस्पताल पुगेपिछि औषिधि सबै नपाउने र कतिपय रोगको उपचार केही खर्चिलो देखिए पनि सेन्टरमा आएका स्वास्थ्यकर्मीसँग भने सुकुमवासीको कुनै गुनासो नरहेको बताउनुहुन्छ ।

होल्डिङ सेन्टरका सुकुम्बासीहरुमध्ये कतिपय दीर्घरोगी छन् । उनीहरुको नियमित स्वाथ्य परीक्षण थापाथलीस्थित खोला किनारमा बस्दा भएको थिएन । सुत्केरी र साना बच्चा हुर्काइरहेका आमाहरुले नियमित स्वाथ्य परीक्षण र परामर्श मात्र होइन, नवजात सन्तानका लागि पोषण पुग्ने गरी लिटोसमेत पाएका छन् । होल्डिङ सेन्टरमा भेटिएकी सुवासदेवी पासवान आफ्नो नातिको स्वास्थ्य परीक्षण र पोषणका लागि लिटो समेत प्राप्त भएको बताउनुभयो ।

प्रधानमन्त्रीको कार्यालयकी स्वकीय सचिवालयको उपसचिव प्रकृति ढकाल भन्नुहुन्छ, “सुकुमवासीसँग गरिएको परामर्श र स्वास्थ परीक्षणबाट रोगमात्र पत्ता लागेको छैन, साथमा रोगको अवस्था र प्रकृतिअनुसार उपचार र परामर्श निरन्तर भइरहेको छ ।’’ उहाँले क्यान्सर, निमोनिया जस्ता जटिल रोगका बिरामीको उपचार राजधानीका विभिन्न अस्पतालमा भइरहेको पनि जानकारी दिनुभयो । यस्ता जटिलता अन्य सुकुमवासीमा देखिएमा उपचारको प्रबन्ध गरिने पनि उहाँले बताउनुभयो ।

होल्डिङ सेन्टरमा ल्याइएका सुकुमवासीलाई नदी किनारको दैनिकीले शारीरिक मात्र होइन, मानसिक समस्याबाट पनि पीडित बनाएको छ । बारम्बार परीक्षणमा पुगेका चिकित्सकहरुले विगतमा अव्यवस्थित र असुरक्षित बसाइले दुवै थरी स्वास्थ्यमा पारेको असरलाई नजिकबाट नियालेका छन् । दैनिकी बितिरहेको ठाउँ एक्कासी छोडनुपर्दाको केहीले दुःख व्यक्त गरे पनि त्योभन्दा धेरै असुरक्षित बसोबासका कारण थुपै शारीरिक र मानसिक जटिलताबाट गुज्रिएका रहेछन् भन्ने कुरा मनोविद्हरुसँग उनीहरुले गरेका अभिव्यक्तिले त्यसको प्रमाण दिएको छ । रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। बिदेसिया के पीरा ।।

जखनी गेल घरवाला बिदेस,
घरवाली गने लागल दिन-राति सन्देस।
वाईफाई से बात भेलै रोजाना,
लेकिन भोर के इन्तजार रहतै,
कहिया अइतै घरवाला अंगना।
कहिया झमकोइबै घरवाला के आगू चूरी, पायल आ कंगना।
घरवाला अरजै है ढौवा बिदेसिया,
घरवाली पोसै है बाल-बच्चा, बुढ़वा आ बुढ़िया।
बिदेस में भी समस्या है बराबर,
घरवाली के नैहरो जाइ के बहन्ना है बरबर।
घरवाला के छुट्टी होबइ है जुम्मा के,
घरवाली सहै है, कहै है सब पीरा शुक्र-शुकर के।
गरमी बुझइ है घरवाला बिदेस में,
ठंढी बुझाइ है घरवाली के सब दिन स्वदेस में।
ई जुग के ढौवा के मायर बुझाइ है बिदेसिया के,
अन्न-पानी के सुख-सवाद सुझइ है घरवाली के शहरों आ
गाम-घर में।
वही से कहे परइ है, घरवाला-घरवाली एक रथ के दुगो पहिया,
समतुल से चलाव, बनाव अपन-अपन घर-अंगना।
हाथी चले बजार त कुत्ता भूके हजार,
अपन धन आ धरम बचा के चलू।
घरवाला-घरवाली के जोड़ी सब दिन मोबाइल के डाटा जेहन
चलैत रहता।



कवि प्रमोद राम,
जनकपुरधाम

## ।। दिदि को बिहे पछि ।।

दिदि तिम्रो बिहेपछि
घरको आँगन नै सुनसान भयो,
पहिले जस्तो हाँसो अब
घरको भित्ताभरि घन्किन छोड्यो।
बिहान उठ्दा तिम्रो आवाज,
"उठ न सानी" भन्ने शब्द नै हरायो,
तिमी बिना यो घरमा
मेरो मन झन् एक्लिँदै गयो।
मम्मीको काख उस्तै छ,
बुबाको माया पनि उस्तै,
तर दिदी, तिमी बिना
घरको खुसी आधा जस्तै भको छ।
तिम्रो कोठामा अझै
तिम्रै सुगन्ध आउँछ,
अनि चुपचाप बसेर
मन त्यही धेरै रुन खोज्छ।
खुसी छु तिम्रो नयाँ जीवनमा,
तर एउटा कुरा साँचो हो दिदी
तिमी बिहे भएर गएपछि
धेरै एक्ली भएकी छु म।



नामः खुसी कालिकोटे
ठेगानाः ओखलढुंगा, हालः जनकपुरधाम

## ।। गर्मीको महिना ।।

गर्मी आयो घाम चर्कायो,
धरतीभरि ताप बढायो।
पसिना झर्छ टप टप गरी,
हिँड्न गाह्रो भयो बाटोभरि।
रुखको छायाँ प्यारो लाग्छ,
शीतल हावा खोज्दै भाग्छ।
चिसो पानी मिठो लाग्छ,
मनले सधैं त्यही माग्छ।
आँप पाके बगैंचाभरि,
कोइली गाउँछ डालीमाथि।
गर्मीसँगै फलको बहार,
प्रकृतिको सुन्दर उपहार।
जेठ असारको घाम दह्रो,
किसान लाग्छ खेतमा गह्रो।
मेहनतले अन्न फलाउँछ,
देशभरि खुशी फैलाउँछ।
गर्मी आयो, गर्मी गयो,
समयसँगै ऋतु फेरियो।
प्रकृतिको यो अद्भुत खेल,
हामी सबैको जीवन मेल।



लेखकः बब्लु शर्मा
ज.उ. न. पा. ७

## ।। जाग उठ युवाः गाउँ निर्माणको महा-अभियान ।।

सुस्ताएको गाउँमा एउटा नयाँ बिहानी पलायो,
जब युवाको मनमा एकताको एउटा दियो बल्यो।
एकजुट भएर अघि बढ्न यहाँ एउटा चौतारी बन्यो,
जसलाई आज गाउँलेले गौरवका साथ "युवा क्लब" भन्यो।
यो केवल एउटा नाम होइन, यो त परिवर्तनको लहर हो,
निदाएको गाउँलाई ब्युँझाउने एउटा सुन्दर प्रहर हो।
हातमा हात र काँधमा काँध मिलाई हिडन थालो,
जसले गर्छ सधैँ समाजको हित र सबैको भलो।
हामीले यो एकताको बलले सधैँ समाजको हित र सबैको
भलो गरेको छौँ।
हरेक युवाको जोश र जाँगर यहाँ समेटिन्छ,
यो चौतारीमा आएपछि जात, धर्म र भेदभाव मेटिन्छ।
गाउँकै माटोमा कुछ गर्ने एउटा पवित्र कसम छ,
त्यसैले त यो युवा क्लबमा एउटा बेग्लै दम छ।
बाटोघाटो भत्किँदा श्रमदान करना यो क्लब अघि सर्छ,
अन्धकार कुनाहरूमा शिक्षा र चेतनाको उज्यालो भर्छ।
झाडी पन्छाएर बाटो बनाउने, कुलोपानी सफा राख्ने,
विपद् पर्दा गाउँमा सबैभन्दा पहिलो पाइला चाल्ने।
दुर्व्यसनीको चंगुलबाट भाइहरूलाई जोगाउनु यसको धर्म हो,
खेलकुद र संस्कृति बचाउनु यसको मुख्य कर्म हो।
अस्पताल र स्कुलमा स्वयंसेवक बनी खटिने यिनीहरू नै हुन्,
गाउँमा आइपर्ने हरेक संकटलाई डटेर सामना गर्ने यिनीहरू नै
हुन्।
धनी र गरिबको खाडल पुरेर भाइचारा यसले सिकाउँछ,
भ्रष्टाचार र विकृतिका विरुद्ध यसले आवाज उठाउँछ।
गाउँकै पाखापखेरामा उद्यमशीलताको बिउ रोप्छ,
सहर र विदेशिने युवालाई आफ्नै माटोमा बस्न रोज्छ।
एक्लै हिँड्दा ठेस लाग्न सक्छ, सँगै हिँडे पहाड टर्छ,
जब सिङ्गो गाउँ नै एकजुट हुन्छ, तब मात्र विकास फल्छ।
आमा, बुबा, दिदीबहिनी र दाजुभाइ सबैजना जुटौँ अब,
आफ्नो गाउँ आफैँ बनाउन यो क्लबको चौतारीमा आऔँ
सब।
बुढापाकाको अनुभव र युवाको जोस यहाँ मिसाउनुपर्छ,
हरेक घरबाट कम्तीमा एकजना यो अभियानमा जोडिनुपर्छ।
जुन गाउँको युवा क्लब बलियो र संगठित हुन्छ,
त्यो गाउँको शिर सधैँ संसारको सामु उच्च रहन्छ।
नबसौँ कोही पनि पराइ जस्तै रमिते बनेर,
परिवर्तन आफैँ आउँदैन कसैको बाटो हेरेर।
क्लबको बल नै गाउँको शक्ति हो, यो कुरा बुझौँ,
हाम्रो गाउँलाई स्वर्ग बनाउन आजैदेखि जुटौँ।
जब युवा क्लब अघि बढ्छ, गाउँको मुहार फेरिन्छ,
अभाव र गरिबीको बादल बिस्तारै मेटिँदै जान्छ।
पिउने पानी, बिजुली र शिक्षाको ज्योति घरघर पुग्छ,
अनि मात्र देशको वास्तविक विकासको ढोका खुल्छ।
यो अभियानमा जुट्ने मान्छे कहिल्यै पछि फर्दैन,
नेतृत्व गर्ने क्षमता र आत्मविश्वास उसको कहिल्यै मर्दैन।
बोल्ने कला, समाज बुझ्ने क्षमता र नयाँ सीप पाइन्छ,
व्यक्ति आफैँ सक्षम नभई कहाँ समाज अगाडि बढाइन्छ र?
गाउँ त अघि बढ्छ बढ्छ, जोडिने व्यक्तिको पनि प्रगति हुन्छ,
सच्चा कर्म गर्ने मान्छेलाई यो समाजले सधैँ पुज्छ।
त्यसैले उठौँ, जागौँ र युवा क्लबलाई अझ बलियो बनाऔँ,
सद्भाव, एकता र विकासको नयाँ गीत मिलेर गाऔँ!



लेखक :मो. आमिर हुसैन.

## ।। भो अब नजन्माउ छोरी ।।

भो अब नजन्माउ छोरी
यदि छोरी भए जन्मिनु अभिशाप हो भने
भो अब तुहाइदेऊ बरु गर्भमै छोरी
यदि छोरी भए जन्मिनु पाप हो भने ।
महोदय! जवान युवतीहरू त यहाँ
निर्मम लुटिन्छन् लुटिन्छन् नरपशुहरुबाट
विडम्बनाको कुरा ,यहाँ त
फक्रिनै लागेको कोपिला पनि
फुल्न नपाई निमोठिन्छ" ।
जवान युवतीका पीडा त
कति कति, महोदय!
यहाँ वृद्ध महिला पनि
"जीवनको उत्तरार्धमा"आई
मानवरुपी दानवहरुबाट
निष्ठुर रूपमा लुटिन्छन् ।
जवान युवतीका पीडा त
कति कति, महोदय!
कैयौं त यहाँ सहयोग पाउने आशमा
बोल्दाबोल्दै जिउँदै लुटिन्छन् ।
भो अब तुहाइदेऊ बरु गर्भमै छोरी
जन्म लिनु अभिशाप हो भने भएर छोरी
भो अब नजन्माउ छोरी
यदि वर्षेपिच्छे बलात्कारको सिकार भई
बाँचिरहनु पर्छ भने छोरी ।



लेखकः पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग.चा न.पा.१ (धनुषा)

## ।। हम मोबाइल छी मोबाइल ।।

हम मोबाइल छी लग के आदमी
दुर कैने छी दुर के आदमी लग कैने छी
घरी रेडी चिट्ठी पत्र के अराम देने छी
बिजली क्यालकुलेटर टि बी
सभक काम हमहि कैने छी
हम मोबाइल छी मोबाइल
केकरो निन उरैने छी केकरो चैन
केकरो घर बार जोरने छी
केकरो घर बार तोरने छी
हम मोबाइल छी मोबाइल
दुःख सुखमे काम दैइ छी
निक कर बला के ज्ञान दैइ छी
खराब कर बला के पागल बन्बै छी
हम मोबाइल छी मोबाइल
हमरा के नै चिन्है य
हमरा सँ केकरा निम्है य
हमर महिमा अपार छै हम सबके
करै छी उद्धार हमरे सँ सबके छै प्यार



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। प्रिय तिमि पुरानो माया बनीदेउ ।।

कुन दुनियाँमा छौ मलाई छोडी गएको मान्छे.....
दुखमा पनि अलपत्र पारि टाढा भएको मान्छे
छातिमाथी ढुङ्गा राखी बाचि रहेको छु म यहाँ....
नसोध मेरो हाल हर पलमा आँसु बहाएको मान्छे
जति दिन्छौ देउ चोटहरु सहि दिउला अझैपनि......
म दुख कष्ट पिडाहरु जिबनभर सहेको मान्छे
तिम्रो सम्झनाले मुटु जलि रहन्छ सधैभरी मेरो.....
भगवानले खबर दिउन म मरेको बेला
टाढैबाट लुकि हेर्नु आँसु झरेको बेला.....
बाचुन्जेल खुड्डा तानेर धित मेटेन तिम्रो
शरीर पनि नछुनु मेरो लास परेको बेला.....
कुरा काटेर खान पुग्छ भने काट्नु कुरा
मलाई लगि मलामी खोला तरेको बेला.....
सक्छौ भने तिमी रमाउँदै बसे पनि हुन्छ
आफन्तहरुले रुदै बिलाप गरेको बेला .......!!



लेखकः- बिरेन्द्र कुमार चौधरी
ठेगानः- मि.न.पा.०३,हरिहरपुर, धनुषा

## ।। तलास ।।


म जीवन साथी को तलासमा छैन । साथको तलासमा छु।
म प्रेमीको तलासमा छैन। प्रेमको तलासमा छु।
म सुन्दर मनिसको तलासमा छैन।
सुन्दर देख्ने आँखाको तलासमा छु।
म जितको तलासमा छैन। आफ्नो सफलताको तलासमा छु।
म आँसु पुसिदिने मान्छेको तलासमा छैन।
आँसु बुझिदिने मान्छेको तलासमा छु।



नामः दिलीप कुमार साह
ठेगानाः सर्लाही, हालः बुटवल

## ।। केही मन्तव्य ।।


सिद्धपुर्को सानो गाउँमा
मेरो सापना हुर्किरहेको छा
श्री न्यू सिद्ध बाबा
एकेडेमी को आगान्भित्र,
मरो भविष्य लेखिदैछ्।
बिहानिको पहिलो
घाम सँगै आशा नयाँ
पालउ छ मनमा मिहिनित्को
बाटो समौदैअगाडि
बधछु दृढता माम आर्यन ,
सानो सपना बोकेर ,
ठूलो लछ्यतर्फ हिदैछु।
डाक्टर बनि एकदिन ,
रोगिहरुलाइ निःसुल्क
उपचार गर्नेछु ।
मेरो आफ्ने आकाश मा,
म उज्यालो तारा
बन्छुआफ्नो गाउ र
देश का लागि,सधैं
केही राम्रो आत्तृ



आर्यन साह
सिद्धुपुर -५

## ।। बेरोजगारी आ आशा ।।

देशक युवा बैसल अछि,
नौकरीक बाट जोहैत।
सपना सभ अधूरा पड़ल,
दिन-रात चिन्ता सहैत।
गाम छोड़ि विदेश जाइत,
रोजी-रोटी लेल मजबूर।
अपन माटिकेँ छोड़ि क',
भटकि रहल दूर-दूर।
हे प्रधानमन्त्री जी सुनियौ,
युवाक पीड़ा बुझियौ।
रोजगारक अवसर बढ़ा,
देशक भविष्य सजियौ।
कारखाना आ उद्योग खोलू,
कृषिमे नव जोश भरू।
युवाशक्ति केँ संग ल',
समृद्ध नेपाल गढ़ू।
जखन भेटत रोजगार सभकेँ,
खुशी घर-घर आबत।
मेहनती युवाक हाथ सँ,
नेपाल आगाँ बढ़त।



नाम-राजु ठाकुर
ठेगाना-क्षीरेश्वरनाथ नगरपालिका-७, नया बजार

# 'रोल नं १' हेरेपछि कलाकारले भने- 'हरेक अभिभावकले हेर्नैपर्ने फिल्म'

काठमाण्डु । गत शुक्रबार (१५ जेठ) बाट प्रदर्शनमा आएको फिल्म 'रोल नं १'ले घरेलु बक्स अफिसमा अपेक्षाअनुसार व्यापार गर्न नसके पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । फिल्मले उठान गरेको विषयवस्तु र कलाकारहरूको अभिनय निकै रुचाइएको छ । फिल्म हेर्दा दर्शकहरू भावविह्वल बनेका भिडियो समेत सार्वजनिक भइरहेका छन् ।



फिल्मलाई प्राप्त प्रतिक्रियाले उत्साहित देखिएको निर्माण टिमले सोमबार काठमाडौंको एक हलमा 'सेलिब्रेटी शो' आयोजना गरेको थियो, जहाँ तुलसी घिमिरे, जितु नेपाल, कमलमणी नेपाल, मरिचमान श्रेष्ठ, अञ्जना बराइली, नीता ढुगांना, सञ्चिता लुईंटेल, गरिमा शर्मा, अनुभव रेग्मी, लुनिमा तुलाधार, सरिता गिरी, मेक्सम गौडेल, हरिहर अधिकारीलगायत उपस्थित थिए ।

फिल्म हेरेपछि कलाकारहरूले यसको विषयवस्तु र प्रस्तुतिको खुलेर प्रशंसा गरे । अभिनेत्री लुनिभा तुलाधरले हरेक अभिभावकले हेर्नैपर्ने फिल्म भएको बताइन् । उनले भनिन्, 'आफ्नो छोराछोरीको रुचि केमा छ, उसले के गर्न चाहन्छ, के पढायो भने अथवा गरायो भने त्यसमा मन लगाउँछ भन्ने थाहा पाउन पनि यो फिल्म हरेक अभिभावकले हेर्नैपर्छ ।'

हास्य कलाकार जितु नेपाल (मुन्द्रे)ले फिल्मको संवाद र सन्देशको प्रशंसा गरे । उनले भने, ' हामीले जहिले पनि बच्चाहरूलाई कक्षाकोठाको नम्बरमा मात्र सीमित गर्‍यौं । तर, यो फिल्मले प्रस्ट पारेको छ कि कोठाभित्रको नम्बरले मात्र जीवनको नम्बर निर्धारण गर्दैन । शिक्षालाई सीपसँग जोड्नुपर्ने आजको आवश्यकतालाई फिल्मले निकै सान्दर्भिक रूपमा उठाएको छ ।'

अभिनेत्री सञ्चिता लुइँटेलले फिल्मको लेखन र प्रस्तुति मर्मस्पर्शी रहेको प्रतिक्रिया दिइन् ।

उनले भनिन्, 'फिल्मको लेखन र प्रस्तुति निकै राम्रो छ । यसले शिक्षालाई किताबी ज्ञानमा मात्र सीमित नगरी सीपसँग जोडेको छ । आजको पुस्ताका बालबालिका र उनीहरूका अभिभावकले एकपटक यो फिल्म हेरेर धेरै कुरा सिक्न सक्छन् । फिल्मका संवाद र भावनाहरू मर्मस्पर्शी छन् ।'

अभिनेता हरिहर अधिकारीले फिल्म हेरिरहँदा आफ्नै स्कुले जीवन र परीक्षाको डरको झलझली याद आएको बताए । 'फिल्म एकदमै राम्रो छ । विशेषगरी बाबु र छोराको सम्बन्ध, पढाइ र संघर्षको कथाले मेरो मन छोयो । फिल्म हेरिरहँदा मलाई आफ्नै स्कुल जीवनको याद आयो । परीक्षाको बेला हुने डर र बुवाको संघर्षका कथालाई फिल्मले जीवन्त ढंगले उतारेको छ,' उनले भने ।

अभिनेत्री नीता ढुंगानाले फिल्म हेर्दा आफू निकै भावुक भएको र यसले बालबालिकामाथि थोपरिने पढाइको दबाबलाई मर्मस्पर्शी रूपमा चित्रण गरेको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'फिल्मको विषयवस्तु निकै बलियो छ । बालबालिकाको मनोविज्ञान र उनीहरूमाथि थोपरिने पढाइको दबाबलाई फिल्मले राम्रोसँग देखाएको छ । फिल्म हेर्दा निकै भावुक भइने रहेछ ।'

# विद्रोहपछि तोकिएको छ महिनाभित्र निर्वाचन सम्पन्न हुनु चानचुने कुरा होइनः कार्यवाहक प्रमुख आयुक्त भण्डारी



काठमाण्डु । निर्वाचन आयोग, नेपालका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जेनजी विद्रोहपछि छ महिनाभित्रको निर्धारित समयमा प्रतिनिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनु चानचुने कुरा नभएको बताउनुभएको छ।

गत फागुन २१ गते सम्पन्न निर्वाचनमाथि केन्द्रीयस्तरको समीक्षा कार्यशालाको उद्घाटन सत्रमा शुक्रबार कार्यवाहक प्रमुख भण्डारीले निर्वाचनको मिति घोषणापछि निर्वाचन होला र ! भन्ने संशय र अनेक चुनौतीका बीच नेपाल सरकार, आयोग, राजनीतिक दल, सम्बद्ध पक्ष र आम जनताको सहभागिता निर्वाचन सम्पन्न भएको स्पष्ट गर्नुभयो।

"विद्रोहपछि तोकिएको छ महिनाभित्र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न हुनु चानचुने कुरा होइन । यस निर्वाचनलाई विश्व समुदायले पनि सूक्ष्मरुपमा हेरिरहेको छ", आयुक्त भण्डारीले भन्नुभयो, "यो सफलता निर्वाचन आयोगको एक्लैको प्रयासले मिलेको होइन । निर्वाचनको कसैले कसैलाई निषेध गर्नुहुँदैन भन्ने मान्यतालाई बोकेर हामीले सुरुदेखि नै राजनीतिक संवादलाई महत्व दिऔँ । सरकारको समेत सहयोगमा विद्रोही पक्ष, पुरानो राजनीतिक समूह, नवोदित राजनीतिक समूहलाई एकै टेबुलमा राखेर संवाद गराउन र हार्दिकता बढाउन सफल भयौँ।"

कार्यवाहक आयुक्त भण्डारीले आन्दोलनबाट भङ्किएको अनुशासनलाई कायम राख्न निर्वाचनबाहेक अर्को विकल्प नभएकाले चुनौतीका बीच निर्वाचन गराउन आफूहरू अहोरात्र लागेको स्मरण गर्दै निर्वाचन मितव्ययी र तुलनात्मक व्यवस्थित भएको बताउनुभयो । उहाँले समीक्षा कार्यशालाबाट प्राप्त हुने सुझावका आधारमा आगामी निर्वाचनमा मतदाता शिक्षालाई प्रभावकारी बनाउने, मतदातस्थल र केन्द्रलाई थप पहुँचयोग्य बनाउने, सदर मतको प्रतिशत बढाउने, कानुनी सुधार गर्ने र आयोगलाई थप भौतिक पूर्वाधारयुक्त बनाउने कार्ययोजनामा काम गरिने बताउनुभयो। तत्कालीनप्रधानमन्त्री एवं पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले उद्घाटन गर्नुभएको कार्यक्रममा निर्वाचन परिणम पुस्तकको विद्युतीय प्रति लोकार्पण गरिएको थियो।

कार्यक्रममा तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल, तत्कालीन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, आयोगका आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा, सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजीतिक दलका प्रतिनिधि, नेपाल सरकारका उच्चाधिकारी, सुरक्षा निकायका प्रतिनिधि, निर्वाचन पर्यवेक्षक, निर्वाचनमा खटिएका निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी, मतदान अधिकृत, स्वयंसेवक तथा सञ्चारककर्मीको सहमागिता रहेको छ। रासस

# डिजिटल रूपान्तरण, साइबर सुरक्षा प्रवर्द्धन र सहज सेवा प्रवाह सरकारको प्राथमिकतामा : सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले डिजिटल रूपान्तरण, साइबर सुरक्षा, मिडिया सुधार तथा संस्थागत क्षमता अभिवृद्धिका क्षेत्रमा विभिन्न संयुक्त राष्ट्रसङ्घीय निकायसँग सहकार्य विस्तार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिहरूले शुक्रबार मन्त्रालयमा सञ्चारमन्त्री डा तिमिल्सिनासँग गरेको शिष्टाचार भेटवार्ताका क्रममा डिजिटल शासन, सेवा प्रवाहमा सुधार, साइबर अपराध नियन्त्रण, पत्रकार सुरक्षा तथा सूचना प्रविधिको उपयोगलगायतका विषयमा कुराकानी भएको हो।

बैठकमा नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक लीला पिटर्स याहियाले साइबर अपराध नियन्त्रण, पारदर्शी शासन प्रणाली तथा सेवा प्रवाहमा प्रविधिको प्रभावकारी प्रयोगका विषयमा जोड दिनुभएको थियो। उहाँले महिला तथा बालबालिका सामाजिक सञ्जालमार्फत विभिन्न जोखिममा पर्ने अवस्थाप्रति चिन्ता व्यक्त गर्नुभयो।

त्यस्तै, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी) नेपालका आवासीय प्रतिनिधि क्योको योकोसुकाले नागरिक एप, एकीकृत कार्यालय व्यवस्थापन



प्रणाली (जीओआइएमएस) तथा हेलो सरकारजस्ता डिजिटल प्रणालीमा भइरहेको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो।

उहाँले गलत सूचना तथा दुष्प्रचार नियन्त्रणका लागि संस्थागत सहकार्य र डिजिटल साक्षरतामा जोड दिनुभयो।

युनेस्कोका नेपाल प्रतिनिधि जाको डु टोइटले नेपालको मिडिया परिदृश्य, पत्रकारको सुरक्षा तथा क्षमता विकासका विषय उठाउनुभयो। साथै उहाँले कृत्रिम बौद्धिकता (एआई) र प्रविधिमैत्री सेवा प्रवाहसम्बन्धी विषयमा निजामती कर्मचारीका लागि तालिम तथा सहकार्य गर्न सकिने बताउनुभयो।

विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) नेपालका प्रतिनिधि तथा देशीय निर्देशक रियाज लोधीले खाद्य सुरक्षा, विपद् व्यवस्थापन तथा आपतकालीन मानवीय सहायताका क्षेत्रमा समन्वय र सहकार्यलाई थप सुदृढ बनाउनुपर्ने धारणा राख्नुभयो।

संयुक्त राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध नियन्त्रण कार्यालय (युएनओडीसी)का कार्यक्रम प्रमुख उलरिच मेइजरले नेपालमा विद्युतीय कारोबारसम्बन्धी कानुनी संरचना सुदृढीकरणमा सहयोग गर्न सकिने धारणा राख्नुभयो।

संयुक्त राष्ट्रसङ्घीय साइबर अपराध महासन्धिमा नेपालको सहभागिताले 'क्रिप्टो'सम्बन्धी ठगी तथा साइबर अपराध न्यूनीकरणमा सहयोग पुग्ने उहाँको भनाइ थियो।

सो अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा लोकतान्त्रिक सञ्चार प्रणालीप्रति नेपाल प्रतिबद्ध रहेको उल्लेख गर्दै सूचना तथा सञ्चार क्षेत्रलाई थप जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक कानुनी, नीतिगत तथा संरचनागत सुधारका काम सुरु भएको बताउनुभयो । उहाँले गलत सूचना तथा दुष्प्रचार अहिले चुनौतीका रूपमा देखिएको उल्लेख गर्दै पत्रकारका लागि तथ्य परीक्षणसम्बन्धी तालिम, क्षमता अभिवृद्धि तथा 'मिडिया' नियमन निकायको सुदृढीकरणलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो।

सो अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले महिला तथा बालबालिकासम्बन्धी संवेदनशील सामग्री सामाजिक सञ्जालमा नियमन तथा निगरानीलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्नुहुँदै पत्रकारको सुरक्षा र सशक्तीकरणप्रति सरकार संवेदनशील रहेको स्पष्ट गर्नुभयो।

त्यस्तै, डिजिटल रूपान्तरण सरकारको प्राथमिकतामा रहेको उहाँको भनाइ थियो । सूचना प्रविधि क्षेत्र सुधारपछि सेवा प्रवाह थप सहज, प्रभावकारी र नागरिकमैत्री हुने अपेक्षा गरिएको सञ्चारमन्त्री डा तिमिल्सिनाले उल्लेख गर्नुभयो।

उहाँले इन्टरनेट सेवाको पहुँच विस्तार, हुलाकको सेवा सुधार, डिजिटल पूर्वाधार विकास तथा संस्थागत क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमलाई उच्च प्राथमिकता दिएको बताउनुभयो। रासस

## प्रतिनिधिसभा सदस्य निर्वाचनलाई विश्वले अध्ययन गर्न लायक थियो: पूर्वप्रधानमन्त्री कार्की



काठमाण्डु। पूर्वप्रधानमन्त्री सुशीला कार्कीले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन विश्वकै लागि अध्ययन गर्न लायक रहेको बताउनुभएको छ।

निर्वाचन आयोगले शुक्रबार आयोजना गरेको केन्द्रीय समीक्षा कार्यशालाको यहाँ उद्घाटन गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो। "निर्वाचनबाट नयाँ दल र नयाँ पुस्ता विजयी भएर आउनुभएको छ। जनताले दिएको मतको सम्मान गर्दै उहाँहरुलाई काम गर्न दिनुपर्छ।" पूर्वप्रधानमन्त्री कार्कीले भन्नुभयो।

उहाँले निर्वाचन सफल हुनुमा तत्कालीन सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, सञ्चारकर्मीलगायतका भूमिका महत्वपूर्ण रहेको चर्चा गर्नुभयो।

पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले विषम अवस्थाम सरकार, आयोग र सरोकारवालाको सहयोगमा कुनै हिंसात्मक घटनाबिना निर्वाचन सम्पन्न भएको बताउनुभयो।

पूर्वगृहमन्त्री ओमप्रकाश अर्यालले जेनजी आन्दोलनको विद्रोहको भावनाअनुसार सुशासन कायम र राजनीतिक संस्कार कायम भई मुलुकका स्थायित्व कायम हुनुपर्नेमा जोड दिनुभयो। रासस

# सरकारमाथि क्रान्तिकारी कम्युनिस्ट पार्टीको आरोप

**टुडे समाचारदाता**

काठमाण्डु । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव सीपी गजुरेल गौरवले प्रधानमन्त्री बालेन्द्र साह (बालेन) नेतृत्वको सरकार पूर्ण रूपमा असफल, राष्ट्रघाती र फासीवादी दिशामा उन्मुख भएको निष्कर्ष निकाल्दै तत्काल विघटनको माग गरेको छ।

महासचिव गौरवद्वारा जारी विज्ञप्तिमा देशलाई सिक्किमीकरणबाट बचाउन सम्पूर्ण देशभक्त र वामपन्थी शक्ति एकजुट भई स्वाधीन संयुक्त सरकार गठन गर्नुपर्नेमा जोड दिइएको छ।

जारी गरिएको विज्ञप्तिमा बालेन सरकारले गरिब र सुकुम्बासीलाई उठिबास लगाएर गरिबीको होइन, गरिबकै उन्मूलन गर्न खोजेको आरोप लगाइएको छ । वास्तविक सुकुम्बासी पहिचान र व्यवस्थापन नगरी सर्वोच्च अदालतको आदेशसमेत अवज्ञा गर्दै देशभरका बस्तीमा डोजर चलाइएको र महिना दिनभन्दा बढी समयदेखि नागरिकलाई होल्डिङ सेन्टरमा अलपत्र पारिएको पार्टीले जनाएको छ । साथै, संसद् अधिवेशन रोकेर राष्ट्रपतिलाई अध्यादेशमा हस्ताक्षर गर्न बाध्य पार्ने, गौरीबहादुर कार्की आयोगको सिफारिसका नाममा केपी ओली र रमेश लेखकलाई पक्राउ गर्ने तथा विद्यार्थी र ट्रेड युनियन खारेज गर्ने सरकारको कदमलाई पार्टीले फासीवादी अभ्यासको संज्ञा दिएको छ।



सरकारले भारतसामु लम्पसार परेर देशको स्वाधीनतामाथि आँच पुऱ्याएको गम्भीर आरोपसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले भारतसँग गरेको सुपुर्दगी सन्धि (फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता) ले आपराधिक अनुसन्धानका नाममा भारतीय प्रहरीलाई नेपालमा अड्डा जमाएर बस्ने बाटो खोलेको पार्टीको दाबी छ। विगतका कुनै पनि संसद्वादी पार्टीले गर्न नसकेको सम्झौता गरेर बालेन सरकारले भारतीय शासक वर्गको इसारामा काम गरेको आरोप लगाइएको छ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले ल्याएको आगामी आर्थिक वर्षको बजेटलाई पार्टीले बहुराष्ट्रिय कम्पनी र दलाललाई पोस्ने नवउदारवादी तथा जनघाती बजेट भनेको छ । बजेटले देशलाई थप ६ खर्ब ५७ अर्बभन्दा बढी ऋणको भारी बोकाएको, देशभित्र रोजगारी सिर्जना गर्नुको साटो युवालाई विदेश धकेल्ने नीति लिएको र बिजुली खपतमा कर बढाएर गरिबको ढाड सेकेको विज्ञप्तिमा उल्लेख छ।

शिक्षा र स्वास्थ्यमा लगाइएको करले यी अत्यावश्यक सेवा सर्वसाधारणको पहुँचबाहिर पुगेको र संसद्मा दर्ता भइसकेको आर्थिक विधेयकका करका दायरा अर्थ मन्त्रालयले बलजफ्ती हेरफेर गरेर बहुमतको दम्भ देखाएको पार्टीको ठहर छ। प्रधानमन्त्री बालेनले संसद्मा जवाफ दिने क्रममा 'नेपालले पनि धेरै ठाउँमा भारतको जग्गा मिचेको रहेछ' भनी दिएको अभिव्यक्तिलाई पार्टीले राष्ट्रघाती वक्तव्य भनेको छ।

नदीको बहाव परिवर्तनका कारण स्थानीयले उपभोग गर्दै आएको जग्गालाई लिम्पियाधुरा, कालापानी र सुस्तामाथिको भारतीय अतिक्रमणसँग तुलना गरेर प्रधानमन्त्रीले लेन्डुप दोर्जेको बाटो समातेको आरोप पार्टीले लगाएको छ। नेपाल-भारत सिमानाबारे बेलायत र चीनलाई तान्न खोज्नु तर भारतले त्यसलाई ठाडै खारेज गरिदिनुले प्रधानमन्त्री कूटनीतिमा अपरिपक्व र सन्की साबित भएको विज्ञप्तिमा उल्लेख छ। यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको भव्य स्वागतसहितको भारत भ्रमणले नेपालमा भारतीय हस्तक्षेप अझ बढाउने दाबी गरिएको छ।

यो सरकारबाट राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र जनताको अधिकार रक्षा हुन नसक्ने भन्दै क्रान्तिकारी कम्युनिस्ट पार्टीले देश बचाउन नयाँ विकल्प खोज्नुपर्ने बताएको छ । सो विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'राष्ट्रिय राजनीतिक सम्मेलनमार्फत एउटा बलियो संयुक्त मोर्चा निर्माण गरी स्वाधीन संयुक्त सरकारको गठनका निम्ति सशक्त सङ्घर्षमा जुट्न' सम्पूर्ण क्रान्तिकारी र देशभक्त शक्तिहरूलाई आह्वान गरिएको छ।

# सभामुख र अध्यक्षद्वारा निर्माणाधीन दोधारा चाँदनी सुक्खा बन्दरगाह अवलोकन

महेन्द्रनगर। प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालसहितको टोलीले आज कञ्चनपुरको दोधारा चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाहको कामको प्रगतिका विषयमा जानकारी लिएको छ।

सभामुख अर्याल र राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले कञ्चनपुरका विभिन्न क्षेत्रको अवलोकनका क्रममा दोधारा चाँदनी सुक्खा बन्दरगाहको प्रगतिका विषयमा जानकारी लिनुभएको हो।

निर्माणाधीन सुक्खा बन्दरगाहका नेपालतर्फका प्रतिनिधि एवं कञ्चनपुर उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष तेजबहादुर चन्दले सभामुखसहितको टोलीलाई निर्माणका विषयमा अवगत गराउनुभएको थियो । "मैले सुक्खा बन्दरगाहका साथै मझगाउँ विमानस्थल स्तरोन्नति र दैजीछेला औद्योगिक क्षेत्रका विषयमा पनि सबै जानकारी गराएँ", चन्दले भन्नुभयो।



त्यस अवसरमा सभामुख अर्याल, राष्ट्रियसभा अध्यक्ष दाहालसँगै उपसभामुख रुबिकुमारी र राष्ट्रियसभा उपाध्यक्ष लीलाकुमारी भण्डारीलगायत हुनुहुन्थ्यो । उहाँहरु कैलालीको टीकापुरमा हुने अन्तर व्यवस्थापिका सम्मेलनमा सहभागी हुन यहाँ आइपुग्नुभएको हो।

भारत सरकारको प्राविधिक र आर्थिक सहयोगमा निर्माणाधीन सुक्खा बन्दरगाहस्थलमा पर्खाल निर्माण, आवास निर्माणका साथै मलेरिया नालामा पुल निर्माणलगायतका काम भइरहेका छन्। दुई अर्ब ३७ करोड भारतीय रुपैयाँमा निर्माण भइरहेको सुक्खा बन्दरगाह ३० महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने सहमति छ । निर्माण कम्पनीका अनुसार सुक्खा बन्दरगाहको हालसम्म १८ प्रतिशत प्रगति भएको छ।

बन्दरगाह निर्माणका लागि दोधारा चाँदनी नगरपालिका-१ स्थित गौरीशङ्कर सामुदायिक वनमा एक हजार ७०५ रुख कटानी यसअघि गरिएका थियो। उक्त बन्दरगाह निर्माणका लागि नेपाल सरकार र भारत सरकारबीच सन् २०२३ जुन १ तारिखमा समझदारीपत्रमा हस्ताक्षर भएको थियो । बन्दरगाह निर्माणका लागि प्रयोग हुने ४२.३६ हेक्टर क्षेत्रफलमा दुईवटा गोदाम, क्वारेन्टाइन, भन्सार चेकजाँच, इमिग्रेसन, सुरक्षा भवनलगायत पूर्वाधार निर्माण हुनेछन्। रासस

# कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक गर्ने म्याद जेठ २८ सम्म थप



काठमाण्डु। नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्न अन्तिम पटकका लागि समय थप गरेको छ।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले पार्टीको सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकले आगामी जेठ २८ गते राति १२ बजेसम्मका लागि समय थप गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

कांग्रेसले देशभर क्रियाशील सदस्यता अद्यावधिकको कार्य उत्साहजनक रूपमा अगाडि बढिरहेको जनाएको छ । विभिन्न तहबाट सदस्यता अद्यावधिकका लागि समय अपुग भएको जानकारी प्राप्त भएकाले अन्तिम पटकका लागि म्याद थप गरिएको उहाँले बताउनुभयो।

"विभिन्न तहबाट सदस्यता अद्यावधिकका लागि समय अपुग भएको जानकारी प्राप्त हुन आएकोले सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकको निर्णयानुसार क्रियाशील सदस्यता अद्यावधिक गर्ने समयावधि आगामी जेठ २८ गते राति १२ बजेसम्म अन्तिम पटकका लागि कायम गरेका छौँ", कावा मुख्यसचिव दुलालले भन्नुभयो।

कांग्रेसले निर्धारित अवधिभित्र आआफ्नो सदस्यता अद्यावधिक गर्ने कार्य अनिवार्य रूपमा सम्पन्न गर्न सम्बन्धित सबैलाई अनुरोध समेत गरेको छ। रासस

# संविधानको मूल संरचना अक्षुण्ण राखेर मात्र संविधान संशोधन गर्न पूर्वप्रधानन्यायाधीशको सुझाव

काठमाण्डु । पूर्वप्रधानन्यायाधीश एवं मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले संविधान संशोधन गर्दा यसको मूल मर्म, आधारभूत संरचना र प्रस्तावनालाई अक्षुण्ण राख्दै शासकीय स्थायित्व तथा शक्ति सन्तुलनमा विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित 'संविधान संशोधन बहसपत्र' तयारी कार्यदलसँग आज भएको भेटमा उहाँले उक्त सुझाव दिनुभएको हो।

पूर्वप्रधानन्यायाधीश रेग्मीले संविधान संशोधनका क्रममा संविधानको आधारभूत संरचनालाई खण्डित गर्न नहुनेमा जोड दिनुभयो। "संविधानको प्रस्तावना, विशेषगरी दोस्रो प्रस्तावनाको मूल भावना यथावत् राख्नुपर्छ," उहाँले भन्नुभयो । धार्मिक व्यवस्थासम्बन्धी बहसतर्फ सङ्केत गर्दै उहाँले हालको संवैधानिक व्यवस्था कायम राख्न र धार्मिक मामिलामा कुनै फेरबदल नगर्न सुझाव दिनुभयो।

कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीय प्रणालीमध्ये कुन उपयुक्त भन्ने बहस चलिरहेका बेला उहाँले हतारमा निष्कर्षमा नपुग्न आग्रह गर्नुभयो। अत्यधिक स्थायित्वको खोजीमा मुलुक अर्को प्रकारको निरङ्कुशता वा सर्वसत्तावादतर्फ धकेलिन सक्ने जोखिमप्रति सचेत गराउँदै उहाँले यस्ता विषयमा अन्तरराष्ट्रिय अभ्यास र अनुभवको गहन अध्ययन आवश्यक भएको बताउनुभयो।

संविधानको धारा ७६ अन्तर्गत सरकार गठन प्रक्रिया तथा अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्थामा व्यावहारिक कठिनाइ रहेको उल्लेख गर्दै उहाँले नयाँ सरकार गठन भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव दर्ता गर्न नपाइने व्यवस्था परिमार्जन गरी त्यसलाई कम्तीमा छ महिनामा गर्नसकिने प्रावधान थप्नुपर्छ भन्नुभयो।

वर्तमान निर्वाचन प्रणालीमा समानुपातिक सांसदहरूको संख्या अत्यधिक हुँदा उनीहरू प्रत्यक्ष निर्वाचित सांसदभन्दा बढी प्रभावशाली र संसद्मा निर्णायक बन्ने प्रवृत्ति देखिएको उल्लेख गर्दै उहाँले समानुपातिकतर्फको संख्या ६० मा सीमित गर्न सुझाउनुभयो।

राज्यका विशिष्ट पदमा नियुक्ति भइसकेका व्यक्तिहरूलाई पुनः समानुपातिक



कोटाबाट सांसद बनाउने अभ्यास रोकिनुपर्नेमा जोड दिँदै उहाँले राष्ट्रियसभाको गठन गर्दा महिला, दलित तथा उत्पीडित समुदायको वास्तविक प्रतिनिधित्व सुनिश्चित गर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो।

राजनीतिमा नयाँ पुस्तालाई प्रोत्साहन गर्न प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्ने न्यूनतम उमेर २५ वर्षबाट घटाएर २१ वर्ष र राष्ट्रियसभा सदस्यका लागि न्यूनतम उमेर ३० वर्ष गर्नसकिने सुझाव पूर्वप्रधानन्यायाधीश शर्माले दिनुभयो।

संविधानमै १० वर्षभित्र आयोगहरूको पुनरवलोकन गर्ने व्यवस्था रहेको स्मरण गराउँदै उहाँले राष्ट्रिय मानव अधिकार आयोगलाई मात्र बलियो र स्वायत्त केन्द्रीय आयोगका रूपमा राखी विषयगत अन्य आयोगलाई त्यसकै संरचनाभित्र समेट्न सकिने बताउनुभयो । यसबाट प्रशासनिक भार घट्ने र प्रभावकारिता बढ्ने उहाँको तर्क थियो। प्रदेशमा पनि आयोग गठन गर्न आवश्यक नरहेको उहाँले बताउनुभयो।

भौगोलिक तथा सामाजिक रूपमा पछाडि परेका कर्णाली र मधेस प्रदेशको समग्र विकासका लागि संविधानमै विशेष व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । दुवै प्रदेशमा नागरिक चेतना अभिवृद्धि तथा आर्थिक-सामाजिक उत्थानका कार्यक्रम केन्द्रित गर्न उहाँले सुझाउनुभयो।

मुलुकको बजेट प्रणालीमा देखिएको बेथिति नियन्त्रण गर्न आवश्यक भएको उल्लेख गर्दै उहाँले सुरु भइसकेका विकास आयोजना अलपत्र पार्ने, बजेट कटौती गर्ने वा रकमान्तर गर्ने प्रवृत्ति रोक्नुपर्ने बताउनुभयो । आयोजना सम्पन्न नभएसम्म बजेट सुनिश्चित हुने व्यवस्था कानुनी तथा संवैधानिक रूपमा बलियो बनाउनुपर्ने उहाँको सुझाव थियो।

"न्यायपालिकाको गरिमा र निष्पक्षता जोगाउन न्यायाधीश नियुक्ति न्यायपरिषद्बाटै हुनुपर्ने भए पनि उनीहरूमाथिको कारबाही र अनुगमनका लागि स्वतन्त्र संयन्त्र आवश्यक छ । यस्तो उच्चस्तरीय समितिको नेतृत्व पूर्वप्रधानमन्त्रीलाई दिने व्यवस्था गर्न सके न्याय क्षेत्रमा जवाफदेहिता र पारदर्शिता सुदृढ हुन्छ", पूर्वप्रधानन्यायाधीश रेग्मीले भन्नुभयो।

कार्यदलका संयोजक असिम शाहले रेग्मीबाट प्राप्त सुझावलाई 'संविधान संशोधन बहसपत्र'मा समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। रासस

# बढ्दो गर्मीका कारण बालबालिकाको शिक्षा र स्वास्थ्यमा प्रभाव



रासस/एएफपी। जलवायु परिवर्तनका कारण दक्षिण अफ्रिकामा तापक्रम निरन्तर बढिरहेको छ। अहिलेसम्म खडेरी, बाढी र खाद्य असुरक्षा जस्ता प्रभावहरूमा बढी ध्यान दिइएको छ, तर अर्को गम्भीर सङ्कट विद्यालयहरूमा फैलिरहेको तथ्यबारे सरोकारवाला निकाय र सरकारहरू खासै महत्त्व दिइएको पाइदैन।

अनुसन्धानले धेरै विद्यालयमा बालबालिकाको विकास, अध्ययन र खेलकुदका लागि खतरनाक रूपमा तातो ठाउँ बनिरहेका देखाएको छ।

विज्ञहरुका अनुसार कक्षाकोठामा अत्यधिक तातो हुँदा बालबालिकाको एकाग्रता, स्मरणशक्ति, व्यवहार र शैक्षिक प्रदर्शनमा असर पर्छ। उचित प्रकाश र स्वच्छ हावाको लागि झ्याल तथा भेन्टिलेसनको अभाव, अत्यधिक भीडभाड हुने कक्षाकोठा र विद्यालयमा पिउने पानीको उपलब्धता सीमित हुँदा पनि बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको छ।

दक्षिण अफ्रिकी 'मेडिकल रिसर्च काउन्सिल'का वातावरणीय स्वास्थ्य वैज्ञानिकहरूले गरेको अनुसन्धानले बढ्दो तापक्रमले बच्चाहरूको दैनिक जीवन र कल्याणलाई असर गरिरहेको दावी गरेको हो।

'युनिभर्सिटी अफ जोहानेसबर्ग'सँगको सहकार्यमा गौटेङ प्रान्तमा गरिएको सो अध्ययनमा तापक्रम र आद्रतासँग सम्बन्धित मापकमध्ये आधाभन्दा बढी विद्यालय 'सावधानी' वा 'अत्यधिक सावधानी' नगर्ने वर्गमा रहेको पाइएको छ।

जोहानेसबर्गमा कक्षाकोठाको तापक्रममा गरिएको अर्को अध्ययनमा, लगभग सबै बच्चाहरूले कम एकाग्रता देखाएको रिपोर्टमा उल्लेख छ।

अर्को एक अध्ययनअनुसार २५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम हुँदा विद्यार्थीको अनुपस्थिति बढ्छ।

अनुसन्धाताहरूका अनुसार धेरैजसो विद्यालय भवन र खेल मैदानहरू बालबालिकालाई अत्यधिक गर्मीबाट जोगाउने गरी बनाइएका छैनन्। सरकारी सहयोगमा बनेका सस्तो घर र अनौपचारिक बस्तीमा बस्ने परिवार अत्यधिक तापक्रमको जोखिममा बढी छन्।

हालैको एक अध्ययनले पनि ग्रामीण र शहरी विद्यालयहरूबीच स्पष्ट भिन्नता देखाएको छ। अध्ययनका अनुसार ग्रामीण कक्षाकोठाको तुलनामा शहरी कक्षाकोठा २५ देखि २८ डिग्री सेल्सियसको तापक्रम राख्न बढी सक्षम छन्। यस्ता भिन्नताहरूले शिक्षा र स्वास्थ्यसम्बन्धी असमानतालाई झनै झनै चर्काउन सक्ने विशेषज्ञहरूले जनाएका छन्।

"जलवायु परिवर्तनलाई अझै पनि धेरैले भविष्यको समस्या मानेका छन्, तर अत्यधिक तातो कक्षामा बस्ने बालबालिकाका लागि यसले उनीहरूको सिक्ने क्षमता, विकास र स्वास्थ्यमा असर पारिरहेको छ," अनुसन्धानकर्ताहरूले भनेका छन्। उनीहरूले दक्षिणी अफ्रिकाको शिक्षा प्रणालीले तातो भविष्यको लागि तयार हुनुपर्नेमा चेतावनी दिएका छन्।

अध्ययनका अनुसार मानव मस्तिष्कले सीमित तापक्रममा राम्रोसँग काम गर्छ। कक्षाकोठामा धेरै तातो हुँदा बालबालिकालाई ध्यान केन्द्रित गर्न, बुझ्न र सम्झन गाह्रो हुन्छ। अन्तर्राष्ट्रिय अध्ययनहरूमा पनि, तातो कक्षाहरू खराब परीक्षाको परिणाम, कम ध्यान अवधि, र उत्पादकत्वमा कमीसँग जोडिएको छ।

वयस्कको तुलनामा उनीहरूको शरीरले कम प्रभावकारी रूपमा तातोलाई नियन्त्रण गर्न सक्ने भएकाले साना बालबालिका बढी संवेदनशील हुने गरेको अध्ययनले देखाएको छ।

दक्षिणी अफ्रिकाका धेरै विद्यालयहरूमा कक्षाकोठाको तापक्रम बढी हुनु टिनको छाना, कमजोर इन्सुलेशन(तातो वा चिसो रोक्ने साधन), भीडभाड र हावाको प्रवाहको कमीको कारण भएको अध्ययनले देखाएको छ।

# पाकिस्तानले अष्ट्रेलियालाई हरायो




**टुडे समाचारदाता**

काठमाण्डु। लाहोरमा भएको तेस्रो तथा निर्णायक एकदिवसीय खेलमा पाकिस्तानले अष्ट्रेलियालाई ४ विकेटले पराजित गर्दै २-१ ले सिरिज जितेको छ।

यससँगै पाकिस्तान अष्ट्रेलियाविरुद्ध लगातार तेस्रो एकदिवसीय सिरिज जित्न सफल भएको छ।

१ सय ५८ रनको सामान्य लक्ष्य पाकिस्तानले ४१.५ ओभरमा ६ विकेट गुमाएर पूरा गरेको छ।

पाकिस्तानका लागि बाबर आजमले सर्वाधिक ४० रन बनाए भने शादाब खान २९ रनमा अविजित रहेको छ। अब्दुल समद २१ रनमा नटआउट रहँदै टोलीलाई जित दिलाएका छ।

एक समय पाकिस्तान १ सय १२ रनमा ६ विकेट गुमाएर दबाबमा परेको थियो। तर शादाब र अब्दुल समदले अविजित ४९ रनको साझेदारी गर्दै टोलीलाई लक्ष्यसम्म पुर्याए।

अष्ट्रेलियाका म्याट कुहेनेमनले उत्कृष्ट बलिङ गर्दै ३ विकेट लिए पनि टोलीलाई जित दिलाउन पर्याप्त भएन।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको अष्ट्रेलिया ४२ ओभरमा १ सय ५७ रनमा अलआउट भएको थियो। कप्तान जोश इंग्लिशले सर्वाधिक ६५ रन बनाए। उनीबाहेक कुनै पनि ब्याटरले २० रनको अंक पार गर्न सकेनन्।

अष्ट्रेलिया एक समय ३ विकेट गुमाएर १ सय १९ रनको बलियो अवस्थामा थियो। तर त्यसपछि ३८ रन थप्दा ७ विकेट गुमाउँदै टोली सस्तैमा समेटियो।

पाकिस्तानका शाहिन शाह अफ्रिदीले ३ विकेट लिए भने अबरार अहमद र शादाब खानले समान २ विकेट लिएको छ।

# सिरियाको रासायनिक हतियारको समस्या चाँडै सुल्झाउन चीनको माग

रासस/एएफपी। चीनले सिरियामा राष्ट्रिय पुनर्निर्माणमा ध्यान केन्द्रित गर्न मद्दत गर्न रासायनिक हतियारको मुद्दालाई छिटो समाधान गर्न बिहीबार संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा आह्वान गरेको छ।

संयुक्त राष्ट्रसङ्घका लागि चीनका सहायक स्थायी प्रतिनिधि सुन लेईले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को बैठकमा बोल्दै यो मुद्दा एक दशकभन्दा बढी समयदेखि समाधान हुन नसकेको र यसलाई चाँडै अन्त्य गर्नुपर्ने बताउनुभयो।

सनले सिरियाबारे पछिल्लो प्रगतिको स्वागत गर्नुभयो भने सिरिया र रासायनिक हतियार निषेध सङ्गठन (ओपिसिडब्ल्यू) बीचको निरन्तर सहयोगलाई समर्थन गर्नुभयो।

"सनले रासायनिक हतियार महासन्धि अन्तर्गत आफ्नो दायित्व पूरा गर्न सिरियाली सङ्क्रमणकालीन सरकारको प्रतिबद्धता र ओपिसिडब्ल्यूसँग यसको सहयोगको प्रशंसा गर्नुभयो। उहाँले समावेशी राजनीतिक सङ्क्रमणलाई अगाडि बढाउन, राष्ट्रिय मेलमिलाप हासिल गर्न र आन्तरिक विभाजनबाट बच्न सिरियाले गरेको प्रयासको पनि सराहना गर्नुभयो।

यसैबीच, केही ओपिसिडब्ल्यू जवाफदेहिता संयन्त्रहरूले उनीहरूको कार्यादेश नाघेका छन्, ओपिसिडब्ल्यू प्राविधिक सचिवालयलाई कथित रासायनिक हतियारका घटनाहरू ह्यान्डल गर्न वस्तुनिष्ठ, निष्पक्ष र कडाईका साथ कन्भेन्सनको पालना गर्न सनले आग्रह गर्नुभयो।

उहाँले प्रतिआतङ्कवादको महत्त्वमा पनि जोड दिनुभयो र सिरियाली सङ्क्रमणकालीन सरकारलाई सुरक्षा परिषद्ले सूचीबद्ध गरेका सबै आतङ्कवादी समूहहरूसँग लड्न आग्रह गर्नुभयो। सनले ओपिसिडब्ल्यूलाई अनुगमनलाई बलियो बनाउन र सदस्य राष्ट्रहरूलाई खतरनाक रसायन र संवेदनशील प्रविधिहरू आतङ्कवादीहरूको हातमा पर्नबाट रोक्न मद्दत गर्न आह्वान गर्नुभयो। रासस

# कक्रोच पार्टीका संस्थापक दिल्ली प्रस्थान




रासस/एएफपी। व्यंग्यात्मक अनलाइन 'कक्रोच पिपल्स पार्टी' का संस्थापक अभिजीत डिप्के शुक्रबार अमेरिकाबाट भारत फर्कने क्रममा नयाँदिल्ली प्रस्थान गर्नुभएको छ। उहाँले शनिबार शिक्षामन्त्रीविरुद्ध शान्तिपूर्ण विरोध प्रदर्शनका लागि प्रहरी अनुमति लिन तयार रहेको बताउनुभएको छ।

बोस्टन विश्वविद्यालयका ३० वर्षीय स्नातक डिप्केले अनलाइन आन्दोलनलाई समर्थन गर्दै आउनुभएको छ। उहाँ पूर्वमा राजनीतिक सञ्चार रणनीतिकारका रूपमा आम आदमी पार्टीसँग पनि जोडिनुभएको थियो। उहाँले १६ मे मा व्यङ्ग्यात्मक रूपमा "कक्रोच जनता पार्टी" (सिजेपी) स्थापना गर्नुभएको थियो। सिजेपीले भारतीय जनता पार्टी (भाजपा) को शैलीमा अनलाइन गतिविधि विस्तार गरेको हो।

यो अभियान सर्वोच्च अदालतका मुख्य न्यायाधीश सूर्य कान्तले आलोचनात्मक युवाहरूलाई 'कक्रोच' र 'परजीवी' भनेको टिप्पणीपछि सुरु भएको बताइएको छ। पछि ती टिप्पणी सन्दर्भबाट बाहिर लगिएको भनिएको थियो।

सिजेपीले छोटो समयमै सामाजिक सञ्जालमा ठूलो लोकप्रियता पाएको छ। भारतमा यसको इन्स्टाग्राम खातामा दुई करोड २० लाखभन्दा बढी फलोअर्स छन्। यो सङ्ख्या भाजपाको ९० लाख र कांग्रेसको एक करोड ३० लाखभन्दा धेरै हो।

डिप्केले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको परीक्षा अनियमितता आरोपका कारण राजीनामा माग गर्दै आउनुभएको छ। उहाँले एक्समा लेख्दै आफ्नो कानूनी प्रक्रियामा विश्वास व्यक्त गर्नुभएको छ र दिल्लीमा भीड नगर्न समर्थकलाई आग्रह गर्नुभएको छ।

लद्दाखका कार्यकर्ता सोनम वाङचुकले पनि शनिबारको प्रदर्शनमा सहभागी हुने बताउनुभएको छ।

भारतमा सामाजिक सञ्जालमा कडा निगरानीबीच सिजेपीका केही ह्यान्डल अवरुद्ध गरिए पनि यसको लोकप्रियता निरन्तर बढिरहेको छ।

# एथलेटिक्समा बागमतीलाई २३ पदक



**टुडे समाचारदाता**

काठमाण्डु। बागमती प्रदेशले १६ औं केन्द्रीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको अन्तिम दिन शुक्रबार एथलेटिक्समा सर्वाधिक ११ स्वर्ण जितेको छ। बागमतीले ७ रजत र ५ कांस्य पदक पनि हात पार्न सफल भएको छ।

एथलेटिक्समा विभिन्न २६ स्पर्धा समावेश थिए। सुदूरपश्चिम प्रदेशले ८ स्वर्ण, ३ रजत र ४ कांस्य, लुम्बिनी प्रदेशले ५ स्वर्ण, ९ रजत र ५ कांस्य, गण्डकी प्रदेशले २ स्वर्ण, २ रजत र ७ कांस्य तथा कर्णाली प्रदेशले १ स्वर्ण, २ रजत र ३ कांस्य पदक जित्यो।

स्वर्णविहीन कोशी प्रदेशले समान २ रजत र कांस्य पदक हात पार्यो। मधेश प्रदेश पदकविहीन बन्यो। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा अन्तिम दिन ८ स्पर्धाको फाइनल भएको थियो।

छात्र २ सय मिटर दौडमा लुम्बिनीका भगवानदास लोहार पहिलो भए। उनले निर्धारित दूरी २२.६४ सेकेन्डमा पूरा गरे। सो स्पर्धाको छात्रामा लुम्बिनीकी गरिमा चौधरीले निर्धारित दूरी २७.३७ सेकेन्डमा तय गर्दै स्वर्ण जितिन्।

छात्र ३ हजार मिटर दौडमा कर्णालीका अनिल शाही पहिलो बने। उनले ९ मिनेट २०.१ सेकेन्डमा दौड सकाए। उक्त स्पर्धाको छात्रामा लुम्बिनीकी अन्जुली मल्ल पहिलो भइन्। अन्जुलीले निर्धारित दूरी तय गर्न ११ मिनेट ०३.६ सेकेन्ड समय खर्चिन्। छात्र ट्रिपलजम्पमा सुदूरपश्चिमका विक्रमनाथ पहिलो भए। उनले १३.५५ मिटर जम्प गरे। त्यसै स्पर्धाको छात्रामा ११.१० मिटर जम्प गरेकी बागमतीकी अनिशा थारु पहिलो भइन्। ४ गुणा १ सय मिटर रिलेको छात्रमा लुम्बिनी तथा छात्रामा बागमती प्रदेश शीर्ष स्थानमा रहे।

एथलेटिक्समा २ व्यक्तिगत र १ टिममा गरी जम्मा ३ जुनियर राष्ट्रिय कीर्तिमान बने। छात्र हाइजम्पमा बागमतीका अविनाश सुनारले १.८६ मिटर जम्प गर्दै कीर्तिमान कायम गरे।

छात्रा ४ सय मिटर दौडमा बागमतीकी भगवती खड्काले हिट चरणमा निर्धारित दूरी ५८.९४ सेकेन्डमा पूरा गर्दै कीर्तिमान बनाइन्। भगवतीले कीर्तिमानी एकसहित जम्मा ४ स्वर्ण जितिन्। भगवतीले ४ सय मिटर दौड बाहेक ८ सय मिटर दौड, ४ गुणा १ सय र ४ गुणा ४ सय मिटर रिलेमा स्वर्ण जितेकी हुन्।

छात्रा ४ गुणा ४ सय मिटर रिलेमा अतित थापा, आर्यन राना मगर, अंकित रानाभाट र सुदिप भण्डारी सम्मिलित गण्डकी टोलीले निर्धारित दूरी ३ मिनेट २७.९ सेकेन्डमा तय गर्दै कीर्तिमान रचे।

सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीको हलमा भएको तेक्वान्दोमा बागमतीले ५ स्वर्ण जित्यो। १२ स्वर्णका लागि भएको प्रतिस्पर्धामा सुदूरपश्चिम र मेधशले समान २ स्वर्ण जिते। कर्णाली स्वर्णविहीन बन्दा कोशी, गण्डकी र लुम्बिनीले समान १ स्वर्ण हात पार्यो।

कीर्तिपुरस्थित कभर्डहलमा भएको करातेमा कोशीले सर्वाधिक समान ३ स्वर्ण, रजत र कांस्य पदक जित्यो। लुम्बिनीले ३ स्वर्ण र ५ कांस्य तथा सदूरपश्चिमले ३ स्वर्ण र ४ कांस्य पदक हात पारे। बागमती प्रदेशले २ तथा मधेश प्रदेशले १ स्वर्ण पदक हात पार्न सफल भएको छ। १२ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो।

# क्युवामाथि नयाँ अमेरिकी प्रतिबन्ध



रासस/एएफपी। संयुक्त राज्य अमेरिकाले क्युवाली राष्ट्रपति तथा क्यास्ट्रो परिवारका नजिकका सदस्यहरूलाई लक्षित गर्दै बिहीबार नयाँ प्रतिबन्धहरू घोषणा गरेको छ। यस कदमले क्युवा-अमेरिका सम्बन्धमा पुनः तनाव चुलिएको छ।

अमेरिकी प्रतिबन्ध सूचीमा राष्ट्रपति मिगुएल डियाज-क्यानेल, उहाँकी श्रीमती र सौतेनी छोरा समेत परेका छन्। साथै पूर्वराष्ट्रपति राउल क्यास्ट्रोका छोरा र नाति पनि प्रतिबन्धको दायरामा आएका छन्, जसलाई क्युवाको राजनीतिक संरचनामा प्रभावशाली शक्ति-दलालका रूपमा चित्रित गरिएको छ। क्रान्तिकारी सशस्त्र बल मन्त्रालयसहित अन्य केही संस्थामाथि पनि प्रतिबन्ध लगाइएको जनाइएको छ।

क्युवामाथि सन् १९६२ देखि अमेरिकी व्यापार प्रतिबन्ध लागू रहँदै आएको छ। तर पछिल्ला महिनाहरूमा राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले इन्धन आपूर्ति रोक्ने तथा टापु कब्जाको सम्भावनासमेत सङ्केत गर्दै दबाब बढाएको बताइएको छ।

वासिङ्टनले क्युवाको कम्युनिस्ट शासनले अमेरिकी सुरक्षामा खतरा उत्पन्न गरेको आरोप लगाउँदै आएको छ। राष्ट्रपति ट्रम्पले विभिन्न अन्तर्राष्ट्रिय सन्दर्भमा क्युवाको राजनीतिक अवस्था परिवर्तन हुन सक्ने सङ्केत गर्दै आउनुभएको छ।

यसबारे प्रतिक्रिया दिँदै राष्ट्रपति डियाज-क्यानेलले सामाजिक सञ्जाल एक्समार्फत ट्रम्प प्रशासनले क्युवा र अमेरिका बीचको तनाव र अवरोधलाई थप गहिरो बनाउने प्रयास गरेको आरोप लगाउनुभएको छ। उहाँले क्युवाले 'याङ्की सरकारको आक्रामकता' र 'साम्राज्यवादी दबाब' को सामना गरिरहेको बताउनुभयो।

विदेशमन्त्री ब्रुनो रोड्रिग्जले पनि नयाँ प्रतिबन्धलाई 'कठोर' भन्दै क्युवाली जनताको एकता र दृढताले यसको सामना गर्ने टिप्पणी गर्नुभयो।

अमेरिकी राष्ट्रपति ट्रम्पले भने क्युवालाई राम्रोसँग सञ्चालन हुने, आफ्ना नागरिकलाई आवश्यक सुविधा दिन सक्ने देशका रूपमा हेर्न चाहेको बताउनुभएको छ। उहाँका अनुसार क्युवाको वर्तमान अवस्था आर्थिक र ऊर्जा सङ्कटले कमजोर बनेको छ।

पछिल्ला महिनाहरूमा क्युवामाथि लागू गरिएको इन्धन प्रतिबन्धका कारण विद्युत् उत्पादनका लागि आवश्यक डिजेल अभाव भएको छ। यसले दैनिक २२ घण्टासम्म विद्युत् कटौती, खानेपानी अभाव तथा यातायात प्रणाली लगभग ठप्प हुने अवस्था सिर्जना गरेको बताइएको छ।

देशमा खाद्यान्न र औषधिको समेत अभाव बढ्दै गएको छ, जसका कारण क्युवा मेक्सिको र चीनबाट मानवीय सहायता आपूर्तिमा निर्भर रहेको छ।

संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधिले पनि क्यारिबियन आँधीबेहरी मौसम सुरु भएसँगै क्युवाको मानवीय अवस्था 'विस्फोटक ककटेल' जस्तै गम्भीर बन्दै गएको चेतावनी दिएका छन्।

गत वर्ष आएको शक्तिशाली आँधी मेलिसाबाट क्षतिग्रस्त पूर्वी क्युवा अझै पुनःस्थापनाको प्रक्रियामा रहेको जनाइएको छ।

# नाइजेरियाले दक्षिण अफ्रिकाबाट एक हजारभन्दा बढी नागरिक फिर्ता ल्याउँदै

रासस/एएफपी। नाइजेरियाले लामो समयदेखि दस्तावेज वा कागजात नभएका अफ्रिकी कामदारहरूको गन्तव्य बनेको दक्षिण अफ्रिकामा आप्रवासी विरोधी तनाव बढ्दै गएपछि आफ्ना एक हजारभन्दा बढी नागरिकहरूलाई फिर्ता ल्याउने बताएको छ।

घानाले हालै दक्षिण अफ्रिकाबाट आफ्ना सयौँ नागरिकलाई स्वदेश फर्काएपछि अबुजाको यो कदम आएको हो।

नाइजेरियाको विदेश मन्त्रालयका प्रवक्ता किमिबी एबिएन्फाले शुक्रबार एएफपीलाई बताउनुभयो, "स्वेच्छिक



स्वदेश फिर्तीका लागि नाइजेरियाले बिहीबारदेखि आफ्ना नागरिकको पहिचान गर्ने काम सुरु गरेको छ।"

उहाँले भन्नुभयो, "कुल आँकडा अझै तयार भइसकेको छैन। हामी एक हजारभन्दा बढी व्यक्तिहरू त्यहाँ रहेको अपेक्षा गरेका छौं।"

प्रिटोरियास्थित नाइजेरियाको उच्चायोगले मङ्गलबार जारी गरेको एक विज्ञप्तिमा भनेको छ, "आप्रवासनसँग सम्बन्धित अपराध भएकाहरूलाई हिरासतमा लिनुको सट्टा अन्तिम स्वदेश फिर्ती उडानहरूमा जान अनुमति दिइयोस्।"

महादेशको सबैभन्दा धनी औद्योगिक अर्थतन्त्र दक्षिण अफ्रिकाले लामो समयदेखि यस क्षेत्रका कामदारहरूलाई आकर्षित गर्दै आएको छ।


तर ३० प्रतिशतभन्दा बढीको बेरोजगारी दरका कारण यसले हालैका हप्ताहरूमा नयाँ हिंसासहित बारम्बार विदेशीद्वेषी (आप्रबासीप्रतिको असहिष्णुता) दर्शाउँदै विरोध र प्रदर्शनहरूको सामना गरेको छ।

पछिल्लो तनावले अफ्रिकामा आप्रवासन, आप्रबासीप्रतिको असहिष्णुता र अफ्रिकी महादेशका रैथाने जनता र विश्वभर छरिएर रहेका अफ्रिकी मूलका मानिसहरूबीचको ऐक्यबद्धता, सांस्कृतिक सम्बन्ध र एकतालाई प्रवर्द्धन गर्ने एक सामाजिक, राजनीतिक तथा सांस्कृतिक आन्दोलनबारे असहज बहसलाई पुनर्जीवित गरेको छ।

जुन ३० सम्ममा अवैध आप्रवासीहरूलाई निष्कासन गर्न एक नागरिक नेतृत्वको समूहले चेतावनी दिएको र यसका कारण विगतमा भएको आप्रवासी विरोधी अशान्तिले दर्जनौंको ज्यान लिएपछि हिंसाको डर बढाएको छ।

दक्षिण अफ्रिकी सरकारले कागजात नभएका आप्रवासीविरुद्ध कारबाही बढाइरहेको बताएको छ तर नागरिकहरूलाई यस्ता मुद्दालाई नागरिकस्तरबाट व्यवस्थापन गर्ने प्रयास नगर्न आग्रह गरेको छ।


श्रद्धा सुमन



श्री धर्म संस्था (रामस्वरूप साह रामसागर साह) का संस्थापक द्वय मध्ये **रामस्वरूप साह**को आज ६६ औं पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको लागि जगत जननी जानकी मातासंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धा सुमन अर्पण गदर्छौ।

**प्रभाकर प्रसाद साह**
सभापति
एवं
श्री धर्म संस्था (रामस्वरूप साह, रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार

# ओझेलमा परेका पर्यटकीय गन्तव्यलाई राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा चिनाउने अभियान सुरु



गण्डकी । गण्डकी प्रदेशका ओझेलमा परेका तथा कम प्रचारप्रसार भएका पर्यटकीय गन्तव्यलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने उद्देश्यले पोखराका पत्रकारहरूको एक टोली अध्ययन तथा अवलोकन भ्रमणमा निस्किएको छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको आर्थिक सहयोगमा आयोजित तीनदिने भ्रमणमा सहभागी पत्रकारको टोलीले तनहुँ, नवलपुर, स्याङ्जा, पर्वतलगायत जिल्लाका पर्यटकीय स्थलका साथै चितवनको सौरा र पाल्पाका विभिन्न गन्तव्यको अध्ययन तथा अवलोकन गर्ने कार्यक्रम छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेका अनुसार गण्डकी प्रदेशमा पोखरा, अन्नपूर्ण क्षेत्रलगायत विश्वप्रसिद्ध गन्तव्य चर्चामा रहे पनि ग्रामीण तथा नयाँ पर्यटकीय गन्तव्य अझै पर्याप्त रूपमा प्रचारप्रसारमा आउन सकेका छैनन् । ती स्थानमा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा चिनाउने उद्देश्यले भ्रमण आयोजना गरिएको उहाँले बताउनुभयो ।

भ्रमणका क्रममा पत्रकारहरूले पर्यटकीय सम्भावना, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, स्थानीय जीवनशैली, पर्यटन पूर्वाधार, सेवासुविधा तथा पहुँच मार्गलगायत विषयमा जानकारी लिने छन् । स्थानीयसँगको अन्तरक्रिया र स्थलगत अवलोकनबाट प्राप्त सामग्री विभिन्न सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण हुँदा प्रचार नपाएका गन्तव्यको प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको प्रमुख लामिछानेले राससलाई बताउनुभयो ।

भ्रमणमा सहभागी पत्रकार गोविन्द सुवेदीले कालीगण्डकी नदी आसपासका क्षेत्र, महाशिलाको प्राकृतिक तथा धार्मिक महत्व, अन्धाअन्धी दहसँग सम्बन्धित किंवदन्ती तथा पाल्पा र नवलपुरका ग्रामीण पर्यटनका विविध आयामलाई पत्रकारितामार्फत उजागर गरिने बताउनुभयो ।रासस

# तापक्रम वृद्धिले बाँकेमा आर्थिक र स्वास्थ्य चुनौती बढायो

जानकी । अत्यधिक गर्मी र बढ्दो तापक्रमले बाँकेमा आर्थिक तथा स्वास्थ्य चुनौती बढाएको छ । तापक्रम निरन्तर उकालो लागेसँगै दैनिक ज्यालादारी गर्ने मजदुर, किसान, विद्यार्थी तथा सर्वसाधारणको जनजीवन प्रभावित भएको छ भने आम्दानी घट्नुका साथै गर्मीजन्य स्वास्थ्य समस्या बढ्न थालेका छन् ।

बैजनाथ गाउँपालिका-५ निवासी ४७ वर्षीया कमला नेपालीले भन्नुभयो, "दैनिक हजारदेखि एक हजार २०० रुपैयाँसम्म कमाउँथेँ, तर अहिले रु ५०० कमाउन पनि गाह्रो छ ।" वैदेशिक रोजगारबाट फर्किएपछि विगत साढे चार वर्षदेखि रिक्सा चलाउँदै आउनुभएकी कमलाले आफू र सन्तानको खर्च रिक्साको आम्दानीबाट धान्दै आउनुभएको छ । उहाँका अनुसार गर्मी मौसममा बिहान र साँझबाहेक यात्रु कम पाइने भएकाले आम्दानीमा उल्लेख्य कमी आएको छ ।



"गर्मीमा साँझ र बिहान मात्र यात्रु भेटिन्छन् । दिउँसो कोही पनि निस्कँदैनन्, त्यसैले कमाइ घटेको छ", कमलाले भन्नुभयो । घरायसी जिम्मेवारीका कारण बिहान र साँझ रिक्सा चलाउन नपाउने भएकाले दिउँसो मात्रै काम गर्नुपर्ने र त्यही समयमा यात्रु नपाइने समस्या रहेको उहाँको भनाइ छ ।

"सानासाना केटाकेटी छन् । बिहान खाना पकाउने, विद्यालय पुऱ्याउने र घरधन्दा गर्दा रिक्सा चलाउन भ्याइँदैन । साँझ पनि उनीहरूलाई विद्यालयबाट ल्याएपछि समय मिल्दैन । दिउँसो मात्रै रिक्सा चलाउँछु, तर गर्मीले यात्रु पाइँदैन", उहाँले भन्नुभयो ।

खजुरा गाउँपालिका-३ निवासी पार्वती थारुको आम्दानीमा पनि गर्मीले असर पुऱ्याएको छ ।

विगत छ वर्षदेखि टनेलखेती गर्दै आउनुभएकी उहाँले यस वर्षको अत्यधिक गर्मीले तरकारी उत्पादनमा ठूलो क्षति पुगेको बताउनुभयो । "तरकारीखेती यसपटक राम्रोसँग फस्टाउन सकेन । उत्पादन कम हुँदा बिक्री पनि घट्यो", उहाँले भन्नुभयो । यस वर्ष उहाँले करेला र लौकाखेतीका लागि रु एक लाख ७० हजार लगानी गर्नुभएको थियो । तर अपेक्षाअनुसार उत्पादन नभएकाले अघिल्लो वर्षको तुलनामा झण्डै ६० प्रतिशत आम्दानी घटेको उहाँको भनाइ छ ।

प्रत्येक याममा करिब रु पाँच लाख बराबरको तरकारी बिक्री गर्ने गरेको उल्लेख गर्दै उहाँले यस वर्षको गर्मीले खेतीमा अभूतपूर्व असर पारेको बताउनुभयो । "यो वर्षजस्तो गर्मी पहिले कहिल्यै अनुभव गरेको थिइनँ ।

मानिस मात्र होइन, तरकारी र बोटबिरुवासमेत गर्मीले प्रभावित भए", पार्वतीले भन्नुभयो । उहाँका अनुसार पर्याप्त मलजल र स्याहारसुसार गर्दागर्दै पनि केही बिरुवा सुके भने केही कोपिलामै नष्ट भए ।

बाँकेमा अत्यधिक गर्मीका कारण विद्यार्थी पनि प्रभावित भएका छन् । विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राख्दै सरकारी विद्यालयले हरेक वर्षझैँ बिहान ६:०० बजेदेखि ११:०० बजेसम्म कक्षा सञ्चालन गरिरहेका छन् ।

जानकी गाउँपालिका-२ स्थित भृकुटी प्राथमिक विद्यामन्दिरकी शिक्षिका राजकुमारी सिंह ठकुरीले गर्मीका कारण विद्यार्थीलाई विद्यालयमा बस्न कठिन भइरहेको बताउनुभयो । "प‌ङ्खा चले पनि कक्षाकोठामा तातो हावाकै महसुस हुन्छ । विद्यार्थीमा थकान, टाउको दुख्ने, चक्कर आउने र पढाइमा ध्यान केन्द्रित गर्न कठिनाइ हुने समस्या देखिन थालेको छ", उहाँले भन्नुभयो ।

टाढाबाट पैदल हिँडेर विद्यालय आउने विद्यार्थी अझ बढी प्रभावित हुने गरेको उहाँको भनाइ छ । "विद्यार्थीलाई पर्याप्त पानी पिउन, टाउको छोपेरसकेसम्म घामबाट जोगिन सल्लाह दिएका छौँ । अभिभावकले पनि बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिन आवश्यक छ", उहाँले भन्नुभयो । अत्यधिक गर्मीका कारण भेरी अस्पतालमा उपचारका लागि आउने बिरामीको स‌ङ्ख्या पनि बढेको छ ।

भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा राजन पाण्डेका अनुसार गर्मीजन्य समस्या लिएर अस्पताल आउने बिरामीको चाप अघिल्ला वर्षको तुलनामा वृद्धि भएको छ । "बालबालिका, बाहिर काम गर्ने युवा तथा ज्येष्ठ नागरिक बढी प्रभावित भइरहेका छन् । शरीरमा पानीको कमी, टाउको दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान, वान्ता हुने तथा बेहोस हुनेजस्ता समस्या बढिरहेका छन्", उहाँले भन्नुभयो ।

गर्मीबाट बच्न दिउँसोको चर्को घाममा अनावश्यक रूपमा बाहिर ननिस्कन र बाहिर जानै परे छाता, छाउको छोप्न तथा हलुका सुती कपडा प्रयोग गर्न डा राजनले सुझाव दिनुभयो । "तिर्खा लागेपछि मात्र होइन, नियमित रूपमा पर्याप्त पानी पिउनुपर्छ ।

नरिवल पानी, फलफूलको रस, जाउलो तथा अन्य झोलयुक्त खानेकुराले शरीरमा पानीको मात्रा सन्तुलित राख्न मद्दत गर्छ", उहाँले भन्नुभयो । लामो समयसम्म चर्को घाममा बस्दा हिट स्ट्रोकको जोखिम रहने भएकाले विशेष सावधानी अपनाउन उहाँले आग्रह गर्नुभयो ।

डा राजनले भन्नुभयो, "सकेसम्म छायाँयुक्त स्थानमा बस्ने, अनावश्यक रूपमा घाममा नहिँड्ने र शरीरमा पानीको कमी हुन नदिने बानीले धेरै स्वास्थ्य समस्याबाट बच्न सकिन्छ । सामान्य लक्षणलाई पनि बेवास्ता गर्नुहुँदैन, आवश्यक परे चिकित्सकीय परामर्श लिनुपर्छ ।" रासस

# झाडी फाँडेर फलफूल बगैँचा

म्याग्दी । बेनी नगरपालिका-९ गिठिनीका सुजन चोखालले बाझिँएको पाखोबारीमा झाडी फाँडेर फलफूल बगैँचा स्थापना गर्नुभएको छ । रामकृष्ण कृषि, पशुपन्छी तथा फलफूल नर्सरीका सञ्चालक २६ वर्षीय चोखालले पाखोबारीलाई सुन्तला, कागती, टिमुर, ओखर, किबी र अकबरे खुर्सानीखेती गरेर हराभरा बनाउनुभएको हो ।



"बालिविज्ञान विषयको पढाइ सकेर २०७५ सालमा स्थापना गरेको फार्ममा फलफूलका बिरुवा उत्पादन गर्दै आएको थिएँ", उहाँले भन्नुभयो, "यसपालि उत्तिस र वनमाराले भरिएको दुई ठाउँमा ३० रोपनी बाँझो पाखोबारीमा झाडी फाडेर फलफूलखेती सुरु गरेको छु ।"

पाँच सय सुन्तला, एक सय कागती, दुई सय टिमुर, ४० वटा ओखर र ३० बोट किबी लगाउनुभएका चोखालले सात रोपनीमा 'मल्चिङ' विधिबाट अकबरे खुर्सानीखेती गर्नुभएको छ । उहाँको फार्ममा पाँच हजार सुन्तला र सात हजार कागतीका बिरुवा छन् । सात हजार तीनपाते सुन्तला, सात-सात सय टिमुर र अम्बाको बिरुवा तयारी अवस्थामा छन् ।

"नर्सरीका सबै बिरुवा बिक्री भयो भने रु १५ लाख आम्दानी हुने अनुमान गरेको छु", चोखालले भन्नुभयो, "फलफूलखेती र बिरुवा उत्पादनका साथै पाँच सय स्थानीय जातका कुखुरा र दुई सय ५० कालिज पनि पालेको छु ।" माछा र माहुरी पनि पालिएको उक्त फार्ममा १६ रोपनीमा अदुवाखेती भएको छ । बेनी नगरपालिका-२ बगरफाँटमा केराखेती पनि सुरु भएको छ ।

रघुगङ्गा गाउँपालिका-२ मा रहेको मुक्तिधाम माध्यमिक विद्यालयमा कृषि प्राविधिक विषयको सहायक प्रशिक्षक रहेका चोखाल साँझ, बिहान र बिदाको समयमा फार्ममा व्यस्त हुनुहुन्छ । उहाँलाई भाइहरू पशु प्राविधिक राम र इन्जिनियरिङ अध्ययन गरेका कृष्णले फार्म सञ्चालनमा सघाउँदै आउनुभएको छ ।

वार्षिक रु २० लाखदेखि रु २५ लाखको कारोबार हुने फार्ममा घरपरिवारकासदस्यबाहेकसिजनमा ७० देखि ८० जनाले रोजगारी पाएका सञ्चालक चोखालले बताउनुभयो । कृषि विकास कार्यालयले नर्सरीको पलास्टिक घर निर्माण र अदुवाखेतीका लागि सहयोग गरेको छ । चोखाल दाजुभाइ नर्सरी, कुखुरापालन र फलफूलखेतीबाट स्वरोजगार र आत्मनिर्भर बन्नुभएको छ ।

रोजगारी र अवसरको खोजीमा धेरै युवा विदेश र बजार पलायन भइरहेको समयमा चोखाल दाजुभाइले बाँझिएको पाखोबारीलाई हराभरा बनाएर सकारात्मक सन्देश दिएका उहाँका छिमेकी सन्दीप खत्रीले बताउनुभयो ।

बिरुवा, फलफूल र कुखुरा खरिदका लागि ग्राहक फार्ममै आउँछन् । बजारको समस्या छैन । काम गर्ने जनशक्ति नपाउनु फार्म सञ्चालनमा मुख्य चुनौती बनेको सञ्चालक चोखालले बताउनुभयो । रासस

# मत्स्य स्रोत संरक्षणका लागि विश्व समुदायको ध्यानाकर्षण

काठमाण्डु । अवैध, अप्रमाणित तथा अनियमित मत्स्य दोहनविरुद्ध जनचेतना अभिवृद्धि गर्दै समुद्री स्रोतको दिगो संरक्षणमा जोड दिन शुक्रबार विश्वका विभिन्न मुलुकमा ' अवैध, अप्रमाणित तथा अनियमित मत्स्य दोहनविरुद्ध अन्तरराष्ट्रिय दिवस' मनाइँदै छ ।



संयुक्त राष्ट्रसङ्घको आह्वानमा प्रत्येक वर्ष जुन ५ मा मनाइने यस दिवसको उद्देश्य समुद्री जैविक विविधता, खाद्य सुरक्षा तथा मत्स्य स्रोतको दिगो व्यवस्थापनमा चुनौतीका रूपमा रहेको अवैध, अप्रमाणित तथा अनियमित माछा मार्ने गतिविधिविरुद्ध विश्व समुदायको ध्यानाकर्षण गराउनु हो ।

यो दिवसको सुरुआत सन् २०१५ मा राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) अन्तर्गतको भूमध्यसागरीय क्षेत्रीय मत्स्य आयोगको प्रस्ताव सन् २०१७ जुलाईमा महासभाले स्वीकृत गरेपछि भएको हो ।

एफएओका अनुसार मत्स्य समितिले जुन ५ लाई 'अवैध, अप्रमाणित तथा अनियमित मत्स्य दोहनविरुद्ध अन्तर्राष्ट्रिय दिवस'का रूपमा घोषणा गर्ने प्रस्ताव अनुमोदन गरेको थियो । जुन ५ मा 'पोर्ट स्टेट मेजर्स एग्रिमेन्ट' अन्तरराष्ट्रिय सन्धिका रूपमा औपचारिक रूपमा लागू भएको दिनको स्मरणमा चयन गरिएको हो ।

महासभाले सोही प्रस्तावमार्फत सन् २०२२ लाई 'साना स्तरका मत्स्य व्यवसाय तथा जलकृषि अन्तरराष्ट्रिय वर्ष'का रूपमा पनि घोषणा गरेको थियो। यस पहलले विश्वभरको मत्स्य क्षेत्रमा कार्यरत करिब ९० प्रतिशत माछा मार्ने समुदाय र महिलाको योगदानलाई उजागर गर्न सहयोग पुगेको थियो ।

राष्ट्रसंघका अनुसार अवैध, अप्रमाणित तथा अनियमित मत्स्य दोहनले समुद्री पारिस्थितिक प्रणालीमा नकारात्मक असर पार्नुका साथै कानुनी रूपमा मत्स्य व्यवसाय सञ्चालन गर्ने समुदायको जीविकोपार्जन र विश्व खाद्य सुरक्षामा चुनौती बढाएको छ । त्यसैले समुद्री स्रोतको संरक्षण, दिगो उपयोग तथा भावी पुस्ताका लागि सुरक्षित राख्न अन्तरराष्ट्रिय सहकार्यलाई अझ प्रभावकारी बनाउन दिवसले प्रेरित गर्ने विश्वास एफएओले व्यक्त गरेको छ । रासस

# त्रिभुवन विमानस्थलमा १५ मिनेटसम्म 'पिक एण्ड ड्रप' गर्दा पार्किङ शुल्क नलाग्ने

काठमाण्डु । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा १५ मिनेटसम्म 'पिक एण्ड ड्रप' गर्दा सवारीसाधनको पार्किङ शुल्क नलाग्ने भएको छ ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालयले विमानस्थलमा यात्रु पुऱ्याउन तथा लिन आउने सवार ीसाधनको आवश्यकतालाई हेरेर 'पिक एण्ड ड्रप' गर्दा १५ मिनेटसम्म शुल्क नलाग्ने व्यवस्था गरेको हो ।

विमानस्थल कार्यालयका प्रवक्ता सञ्जय कुमारले यात्रुको आवश्यकतालाई हेरेर 'पिक एण्ड ड्रप'को समय बढाइएको जानकारी दिनुभयो । यसअघि सात मिनेटसम्म 'पिक एण्ड ड्रप' गर्दा पार्किङ शुल्क नलाग्ने गरेकोमा उक्त समय अपुग भएको भन्दै थप सहजताका लागि समय बढाइएको उहाँले बताउनुभयो ।

"परीक्षणका लागि हामीले एक महिना १५ मिनेट 'पिक एण्ड ड्रप' गरेको पार्किङ शुल्क नलिने व्यवस्था गरेका छौँ, यस व्यवस्थाविपरीत शुल्क लिनेलाई कारबाही गरिनेछ", उहाँले भन्नुभयो । रासस

# "ज्येष्ठ नागरिक उद्यान" नयाँ पर्यटकीय गन्तव्य

धरान। धरान उपमहानगरपालिका-१३ र २० को सिमानामा निर्माणाधीन ज्येष्ठ नागरिक उद्यान नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । ज्येष्ठ नागरिकमैत्री पूर्वाधार, ग्रामीण परिवेश झल्काउने संरचना, सांस्कृतिक सामग्री तथा प्राकृतिक सौन्दर्यका कारण उद्यानले दैनिक आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न थालेको छ ।



ज्येष्ठ नागरिकलाई लक्षित गरी निर्माण भइरहेको यस उद्यानमा अपाङ्गतामैत्री संरचनासहित आरामदायी, सुरक्षित र सहज वातावरणको व्यवस्था गरिएको छ । उद्यान आसपासमा श्रम संस्कृति उद्यानसहित दर्जनौँ उद्यान निर्माण भइसकेका छन्, जहाँ दैनिक सयौँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन हुने गरेको छ । यसले धरानको पर्यटन प्रवर्द्धनमा थप योगदान पुर्याएको छ ।

धनकुटाको छथर जोरपाटीबाट परिवारसहित धरान घुम्न आउनुभएकी रमिला राई ज्येष्ठ नागरिक उद्यान पुग्नुभयो। अवलोकनपछि उहाँले ज्येष्ठ नागरिकका लागि यस्तो सुविधासम्पन्न उद्यान निर्माण हुनु खुसीको विषय भएको बताउनुभयो । "हामीजस्ता बूढाबूढीका लागि यस्तो उद्यान बनेकामा धेरै खुसी लागेको छ । हिँड्न सजिलो, बस्न मिल्ने र शान्त वातावरण भएकाले यहाँ समय बिताउन निकै रमाइलो लाग्यो", उहाँले भन्नुभयो, "पहिले झाडीले ढाकिएको घना जङ्गल रहेको स्थानमा अहिले सुन्दर उद्यान निर्माण भएको देख्दा निकै खुसी लागेको छ ।"

उद्यानभित्र खरले छाइएका र कमेरो माटोले लिपिएका आकर्षक साना घर निर्माण गरिएका छन् । ग्रामीण परिवेश झल्काउने यी संरचनाले उद्यानको सौन्दर्यलाई थप मनमोहक बनाएको छ। साथै उद्यानभित्र आकर्षक पोखरीसमेत निर्माण गरिएको छ । पोखरीले उद्यानको प्राकृतिक आकर्षणलाई अझ बढाएको छ।

निर्माण समितिका भूपू सैनिक इन्जिनियर दीपेन्द्र राईका अनुसार उद्यानको आन्तरिक आर्किटेक्चरल तथा संरचनागत डिजाइन थ्रीडी मोडलिङका आधारमा तयार गरिएको हो । सैनिक जीवनमा हासिल गरेको अनुभवलाई यस परियोजनामा उपयोग गरिएको उहाँले बताउनुभयो ।

श्रमदान र दाताको सहयोगमा निर्माण भइरहेको उद्यानमा प्राप्त सुझावअनुसार संरचनामा आवश्यक परिमार्जन गर्दै अन्तिम रूप दिइँदै लगिएको उहाँको भनाइ छ । उद्यान विशेषगरी ज्येष्ठ नागरिकको शारीरिक अवस्था र सहजतालाई ध्यानमा राखेर बनाइँदै छ। बस्नका लागि चौतारा, विश्रामस्थल तथा छोटो दूरीमै आराम गर्न सकिने संरचना निर्माण गरिएका छन् ।

त्यसैगरी, हिँडडुलमा सहजता हुनेगरी अपाङ्गतामैत्री पैदलमार्ग निर्माण गरिएको छ। ह्वीलचेयर प्रयोगकर्ताका लागि पनि अनुकूल संरचना तयार पारिएको छ । उद्यानभित्र एकतर्फी प्रवेश र अर्कोतर्फ सहज निकास हुने आवागमन प्रणालीसमेत समावेश गरिएको इन्जिनियर राईले जानकारी दिनुभयो।

ज्येष्ठ नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै हल्का शारीरिक अभ्यास तथा मनोरञ्जनका सामग्री राखिने व्यवस्था गरिएको छ । प्राथमिक उपचारका लागि मेडिकल कक्ष निर्माण गरिएको छ भने विश्रामका लागि आरामघर निर्माणाधीन अवस्थामा छन् । केही संरचनाको निर्माण सम्पन्न भइसकेको छ भने बाँकी संरचनाको काम क्रमशः सम्पन्न गर्दै लगिने उहाँले बताउनुभयो ।

दाताहरूको सहयोगमा निर्माण गरिएका साना घरमा विभिन्न जातजातिको संस्कार, संस्कृति र पहिचान झल्काउने सिलाम साक्मादेखि चिन्दोसम्मका सांस्कृतिक सामग्री तथा प्रतीकहरू राखिएका छन् । ज्येष्ठ नागरिकमैत्री पूर्वाधार, ग्रामीण परिवेश झल्काउने संरचना तथा सांस्कृतिक सामग्रीको समायोजनले निर्माणाधीन उद्यानलाई धरानको नयाँ पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरेको छ।

ज्येष्ठ नागरिक उद्यान नजिकै श्रम संस्कृति उद्यान निर्माण गरिएको छ। सोही क्षेत्रभित्र एसडिएस रक गार्डेन, एसएनएस चौतारी, एसडिबी रोज गार्डेन, झाँक्री दह, श्रमदान चौतारी, आरा धरान तथा मौनता क्षेत्र (ग्रीन बुद्ध) निर्माण भइसकेका छन् । साथै सिङ्गापुर पुलिस, ब्रिटिस आर्मी र भारतीय सेनाका भूपू सैनिकहरूले गोर्खा चौतारी निर्माण गरेका छन् ।

श्रमबाट प्रेरित कलाकृति तथा श्रमको झल्को दर्शाउने संरचनाले आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउने गरेको छ । अहिले दैनिक रूपमा हजारौँ पर्यटक ज्येष्ठ नागरिक उद्यान तथा आसपासका उद्यान अवलोकन गर्न आउने गरेको स्थानीय व्यवसायी दिनेश मगरले बताउनुभयो । यस क्षेत्रमा दर्जनौँ आकर्षक उद्यान निर्माण गरिएका छन् । पहिला आवागमन शून्य जस्तै रहेको यस ठाउँमा अहिले दैनिक सयौँ पर्यटक घुम्न आउँछन् । रासस

# नेप्से परिसूचक ११ दशमलव ३७ अंकले घट्यो




काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक ११ दशमलव ३७ अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ११ दशमलव ३७ अङ्कले घटेर दुई हजार सात सय ५५ दशमलव ४१ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ७७ अङ्कले ओरालो लागेर चार सय ७१ दशमलव ९९ मा सीमित भएको छ। कूल तीन सय ५१ कम्पनीको एक करोड २७ लाख ३२ हजार आठ सय ६८ कित्ता शेयर रु पाँच अर्ब ६२ करोड ५६ लाख ११ हजार आठ सय २३ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । यस्तै, सिटी होटल लिमिटेड, एनबिबिएल डिवेञ्चर, सेन्ट्रल फाइनान्स र रिडी पावर कम्पनी शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

कालिञ्चोक हाइड्रोपावर, उपकार लघुवित्त, लक्ष्मी बैंकको डिवेञ्चर,वेष्ट फाइनान्स कम्पनी र सिटी होटलका लगानीकर्ताले आज कमाएका छन् ।

यस्तै, एबिएल डिवेञ्चर, होटल फरेष्ट इन, माविलुङ इनर्जी,रिजलाइन इनर्जी र सूर्यकुण्ड हाइड्रोका लगानीकतर्ताले भने गमुाएका छन् । रासस

# व्यवहारमा छुवाछुत कायमै रहेको गुनासो

टुडे समाचारदाता




लहान । कानुनी रूपमा छुवाछुत अन्त्य भएको दुई दशकभन्दा बढी समय बितिसक्दा पनि व्यवहारमा विभेद कायमै रहेको भन्दै सिरहाका दलित अगुवाहरूले यसको पूर्ण अन्त्यका लागि प्रभावकारी कदम चाल्न माग गरेका छन् ।

जिल्लाको गोलबजारमा दलित विकास मञ्चद्वारा आयोजित 'मधेशी दलित समुदायले भोगिरहेका समस्या र समाधानका लागि सरोकारवालाको भूमिका' विषयक अन्तरसंवाद कार्यक्रममा सहभागीहरूले दलित समुदायले अझै पनि सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा विभेद भोग्नुपरेको कुरा राखेका छन् ।

वक्ताहरूले छुवाछुतविरुद्धका कानुनहरू कागजमा सीमित रहेको र प्रभावकारी कार्यान्वयनको अभावमा पीडितहरूले न्याय पाउन नसकेको गुनासो गरे । उनीहरूका अनुसार आर्थिक, सामाजिक र राजनीतिक दबाबका कारण विभेदका घटनामा पीडित पक्ष न्यायको पहुँचबाट टाढा रहँदै आएको छ ।

कार्यक्रममा बोल्दै दलित अगुवा सरोज सदायले विगतमा मन्दिर, इनार र सार्वजनिक स्थलमा विभेद सहनुपरेको स्मरण गर्दै अहिले आफ्ना सन्तानले विद्यालयमै जातीय विभेदको सामना गर्नुपरेको बताए । उनले दलित विद्यार्थीमाथि हुने विभेद रोक्न सम्बन्धित निकायले कडा कारबाही गर्नुपर्ने माग गरे ।

त्यस्तै, सुखिपुरकी सविता महराले जातीय विभेद कुनै वैज्ञानिक आधारमा नभई समाजमा शक्ति र प्रभुत्व कायम राख्न सिर्जना गरिएको संरचना भएको बताइन् । उनले सम्पूर्ण समुदायले मिलेर छुवाछुतजस्ता कुप्रथाविरुद्ध अभियान चलाउनुपर्नेमा जोड दिइन् ।

कार्यक्रमका प्रमुख अतिथि तथा मधेश प्रदेशका पूर्वमन्त्री सुरेशकुमार मण्डलले जातीय छुवाछुत समाज विकासको प्रमुख बाधकमध्ये एक रहेको भन्दै दहेज प्रथा, मृत्यु भोज र जातीय विभेदजस्ता सामाजिक विकृतिको अन्त्यका लागि सामूहिक प्रयास आवश्यक रहेको बताए ।

मण्डलले विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनसँगै समाजमा व्यापक जनचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याए । उनले विभेदरहित समाज निर्माणका लागि राजनीतिक, सामाजिक र प्रशासनिक तहबाट साझा प्रतिबद्धता आवश्यक रहेकोमा जोड दिए ।

कार्यक्रममा पूर्वसांसद असर्फी सदा, कर्जन्हा नगरपालिकाकी उपमेयर लक्ष्मी श्रेष्ठ, , विष्णुपुर गाउँपालिकाका अध्यक्ष सत्यनारायण यादव, दलित अधिकारकर्मी शिवकुमार महरा, उमेश बराललगायतले पनि आ आफ्ना धारणा राखेका थिए ।

# रास्वपा पार्टी कार्यालयमा तालाबन्दी

टुडे समाचारदाता



जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पालिकास्तरीय नगर अधिविशेन मधेश प्रदेशका जिल्लाहरुमा विवादित बन्दै गएको छ । नगरमाथि आफ्नो कब्जा जमाउन विभिन्न समूहहरु आ आफ्नो दाबी गर्दा सांसदलाई दुर्व्यवहार र कार्यकर्ताबीच कुटाकुटदेखि पार्टी कार्यालयमा तालाबन्दीसम्मको घटना भइसकेको छ ।

शुक्रबार जनकपुरधामस्थित जिल्ला पार्टी कार्यालयमा रास्वपाका नेता, कार्यकर्ताहरुले तालाबन्दी गरेका छून । धनुषाको गणेशमान चारनाथ नगरपालिकामा नगर अधिवेशनलाई लिएर गुटबन्दी सुरु भएपछि दुई पक्षले छुट्टा छुट्टै अधिवेशन गरेर आ आफ्नो दाबी गर्न खोज्दा विवाद उत्पन्न भएको हो ।

बितेको जेठ १५ गते पहिला एक पक्षले अधिवेशन गरी प्रतिक नेपाललसहितको समिति चयन गरेको थियो । पहिलो पक्षले राकेश यादव नेतृत्वको समूहले केही वडाध्यक्ष र अन्य कार्यकर्ताहरुलाई समेत जानकारी नै नदिई हाइवेभन्दा १० किलोमीटर टाढा गएर लुकीछिपी अधिवेशन गरेकाले भनी पछि जेठ १७ गते छुट्टै अधिवेशन गरे । ती अधिवेशनबाट राकेश यादवकै नेतृत्वमा १५ सदस्यीय कार्यसमिति चयन गरियो ।

शुक्रवार एक पत्रकार सम्मेलन आयोजना गरी राकेश यादवले भने जेठ १७ गत्ते आफूहरुले गरेको सम्पन्न गरेको अधिवेशनमा जिल्ला सभापति र निर्वाचन आयोगको सदस्य सहभागी रहेका थिए । अधिवेशनबाट चयनित समितिलाई सदर गर्दै पदाधिकारीहरुको नामावली पार्टीको अधिकारिक वेभसाइटमा अपलोड समेत गरियो । पछि फेरी जेठ २० गत्ते वेबसाईटबाट उक्त समितिको नाम हटाइए पछि विवाद सृजना भएको हो ।

आफूहरुको नाम वेबसाईटबाट हटाइएको भन्दै राकेश यादवसहितको समितिका पदाधिकारी र गणेशमानचारनाथनगरपालिकाका रास्वपाका कार्यकर्ता तथा सदस्यहरुले पार्टी कार्यालय धनुषामा तालाबन्दी गरेका हुन ।

यादवले भने रास्वपामा गुटबन्दी हुनु राम्रो होइन । दुबै पक्षलाई समेटेर एक पटक पुनः अधिवेशन गर्नुपर्ने माग जिल्लादेखि केन्द्रसम्म राखेका छौं । तर कसैले पनि चासो नलिएपछि बाध्य भएर जिल्ला पार्टी कार्यालयमा तालाबन्दी गरेका हौं ।

उनले अधिवेशनको विवाद समाधान गर्नका निम्ती केन्द्रीय कार्यालयमा आफूले सम्पर्क गर्दा जिल्लास्थित कार्यालयमा सम्पर्क गर्न भनिरहेका छन । तर जिल्ला कार्यसमितिमा सम्पर्क गर्न खोज्दा कुनै पदाधिकारी सम्पर्कमा आउन चाहिरहेका छैनन । पार्टी कार्यालयमा आउंदा कोही भेट भइरहेको छैन । जिल्ला सभापति सहित अन्य पदाधिकारी पनि सम्पर्कमा नआउनु दुखद रहेको बताए ।

यादवले निश्पक्ष रुपमा पुनः अधिवेशनको विकल्प नरहेको बताए । उनले पुनः अधिवेशन नभएसम्म आफूहरु ताला नखोल्ने चेतावनी दिएका छन् । उता प्रतिकलाई सम्पर्क गर्न खोज्दा पटक पटक फोन गर्दा सम्पर्क हुन सकेन ।

यसअघि पार्टीको अनुशासन आयोगले विवादित स्थानका अधिवेशन स्थगित गर्न निर्देशन दिए पनि जनकपुरधाममा अधिवेशन सम्पन्न गरी नयाँ नेतृत्व चयन गरिएको भन्दै असन्तुष्टि चुलिएको हो ।

रास्वपाको अनुशासन आयोगले जेठ १९ गते जारी गरेको निर्देशनमा विवाद देखिएका विभिन्न पालिकासहित जनकपुरधामउपमहानगरपालिकाको अधिवेशनसमेत स्थगित गर्न भनिएको थियो । तर, सोही दिन उपमहानगर समितिको नेतृत्व चयनका लागि मतदान गराइएको थियो ।

अधिवेशनमा २१ मत खसेको जनाइएको छ । वडा सभापतिहरूलाई मात्र प्रतिनिधि बनाएर गरिएको मतदानबाट ललन नायक १६ मतसहित सभापतिमा निर्वाचित भएको घोषणा गरिएको थियो । उनका प्रतिस्पर्धी जितेन्द्र महासेठले ५ मत प्राप्त गरेका थिए । तर, अधिवेशन प्रक्रिया पार्टी विधानविपरीत रहेको भन्दै महासेठसहित स्थानीय नेता कार्यकर्ताले आपत्ति जनाएका छन् ।

सभापतिका आकांक्षी महासेठले अधिवेशनका नाममा वडा सभापतिहरूलाई छलफलका लागि बोलाएर बिना कुनै सहमति र तयारीकै एकाएक मतदान गराइएको आरोप लगाएका छन् ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु



टुडे समाचारदाता

राजविराज । दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा सप्तरीमा एक युवकको मृत्यु भएको छ भने अर्का चालक घाइते भएका छन् ।

जिल्लाको विष्णुपुर गाउँपालिका-५ कट्टीस्थित सडकखण्डमा भारतमा दर्ता भएको बीआर ५०-०६२८८ नम्बरको मोटरसाइकल र ना.२२ प ३२८५ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

दुर्घटनामा ना.२२ प ३२८५ नम्बरको मोटरसाइकल चालक राजविराज नगरपालिका-१२ सिंगियौन निवासी २३ वर्षीय छोटेलाल यादव गम्भीर घाइते भएका थिए । उनलाई तत्काल उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज लगिएको भए पनि उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनामा अर्का मोटरसाइकल चालक पनि घाइते भएका छन् । उनको सोही अस्पतालमा उपचार भइरहेको जनाइएको छ । प्रहरीले दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

# लक्ष्मिनियामा सडक अवरुद्ध

टुडे समाचारदाता



जनकपुरधाम । पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको लक्ष्मीनियामा स्थानीयवासीले सडक अवरुद्ध गरी विरोध प्रदर्शन गरेका छन् । सडक दुर्घटनामा एक महिलाको मृत्यु भएको घटनामा संलग्न सवारी चालकको पहिचान गरी पक्राउ गर्न तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दै स्थानीयले शुक्रबार बिहान सडक अवरुद्ध गरेका हुन् ।

बिहान ७ देखि ८:३० बजेसम्म टायर बालेर सडक अवरुद्ध गरिएको बताइएको छ । सडक अवरुद्ध हुँदा उक्त सडकखण्डमा केही समय सवारी आवागमन प्रभावित भएको थियो ।

गत जेठ २० गते बिहान लक्ष्मीनिया गाउँपालिका-७ निवासी ६५ वर्षीया मरनीदेवी महराको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको थियो । मृतकका छोरा मुकेश महराका अनुसार आमाले खेततर्फ जाने क्रममा सडक पार गर्दा दुई जना सवार मोटरसाइकलले ठक्कर दिएर फरार भएको थियो। गम्भीर घाइते भएकी आमाको उपचारका क्रममा प्रादेशिक अस्पताल जनकपुरधाममा मृत्यु भएको थियो ।

घटना भएको केही दिन बितिसक्दा पनि दुर्घटनामा संलग्न मोटरसाइकल तथा चालकको पहिचान हुन नसकेको परिवारको गुनासो छ । दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दै मृतकका परिवारजनसहित स्थानीयवासी आन्दोलनमा उत्रेका हुन् । उनीहरुले घटनाको तीन बितिसक्दा पनि लक्ष्मिनियाँस्थित प्रहरी चौकीदेखि जिल्ला प्रहरी कार्यालयसम्म घटना बारे चासो नलिएको गुनासो गर्दै दोषीलाई तत्काल पक्राउ माग गरिहेका छन् । जनकपुरधामको मुजेलियादेखि लक्ष्मिनिया बजारसम्म जडान गरिएको दर्जनौ सिसिटीभी बिग्रेको कारण दोषी उम्किन सफल भएकाले प्रहरी आफना कमीकमजोरी लुकाउन घटना बारे चासो नलिइरहेको उनीहरुको आरोप छ । यसैबीच जिल्ला प्रहरी कार्यालय धनुषाले घटनाबारे अनुसन्धान जारी रहेको जनाएको छ ।

# मधेशी युवाहरुले थाले 'हुँकार मधेश' अभियान

टुडे समाचारदाता




जनकपुरधाम । मधेशी युवाहरूको समूहले 'हुंकार मधेश' नामक नयाँ अभियान सुरु गरेका छन् । मधेश केन्द्रित राजनीतिक दलहरूको प्रभाव कमजोर बन्दै गएको निष्कर्ष निकाल्दै विभिन्न दलमा आबद्ध युवाहरुले हुँकार मधेश अभियान थालेका हुन् ।

अभियानमा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टीका साथै नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रमा सक्रिय युवाहरूको सहभागिता रहेको बताइएको छ । अभियानलाई मधेशको अधिकार, पहिचान र राजनीतिक पुनर्जागरणको साझा मञ्चका रूपमा अगाडि बढाउने तयारी गरिएको बताइएको छ ।

जसपा नेपाल परित्याग गरेका नेता रामकुमार शर्माले जेनजी आन्दोलनपछि परिवर्तनको पक्षमा उभिएका युवाहरूको सक्रियताबाट 'हुँकार मधेश' अभियानको जन्म भएको बताएका छन् । अभियान कुनै एक दल विशेषको नभई मधेशको भविष्य र राजनीतिक दिशाबारे बहस चलाउने साझा पहल रहेको उनको भनाई छ ।

अभियानको आन्तरिक तयारी तीव्र गतिमा भइरहेको र प्रारम्भिक चरणका बैठकहरू सम्पन्न भइसकेको बताइएको छ । अभियानका रणनीतिक दस्तावेजहरू तयार पारिए पनि औपचारिक सार्वजनिक घोषणा नभएसम्म विस्तृत योजना गोप्य राखिएको बताइएको छ ।

'हुंकार मधेश'ले अधिकार, पहिचान, संघर्ष, जागरण र परिवर्तनलाई आफ्नो मूल उद्देश्यका रूपमा अघि सारेको छ । अभियानका अभियन्ताहरूले मधेशका मुद्दालाई नयाँ ढंगले उठाउने तथा जनस्तरमा राजनीतिक चेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको बताएका छन् ।

तराई मधेशका २२ जिल्लालाई समेट्ने गरी दुई प्रदेशको अवधारणालाई अभियानले आफ्नो प्रमुख राजनीतिक एजेन्डामध्ये एक बनाउने संकेत दिएको छ । अभियानको नेतृत्व युवा पुस्ताले नै गर्ने र शुरुवाती तीनदेखि चार महिनासम्म मधेशसहित देशका विभिन्न स्थानमा जनसम्पर्क तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

त्यसक्रममा प्राप्त सुझाव र जनमतका आधारमा अभियानको आगामी दिशा तय गरिने बताइएको छ । अभियानसँग आबद्ध नेताहरूका अनुसार अन्ततः नयाँ राजनीतिक शक्ति निर्माण गर्ने सम्भावना रहे पनि तत्काल पार्टी गठनभन्दा जनमत निर्माण र नागरिकसँग संवादलाई प्राथमिकता दिइने लक्ष्य रहेको बुझिएको छ ।

# भारतद्वारा सुरक्षात्मक सामग्री हस्तान्तरण

टुडे समाचारदाता



वीरगञ्ज । नेपालका कानून कार्यान्वयन निकायहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले भारत सरकारको सहयोगमा ७ हजारभन्दा बढी सुरक्षात्मक हेल्मेट नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको छ ।

वीरगञ्जमा शुक्रबार आयोजित एक विशेष कार्यक्रममा भारतको वीरगञ्जस्थितमहावाणिज्यदूतावासका महावाणिज्यदूत देवी सहाय मीणा ले नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) शान्ति राज कोइराला लाई उक्त हेल्मेट औपचारिक रूपमा हस्तान्तरण गरेका हुन् ।

महावाणिज्यदूत मीणाले नेपाल र भारतबीचको घनिष्ठ तथा मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले विभिन्न क्षेत्रमा सहकार्य हुँदै आएको उल्लेख गर्दै सुरक्षा निकायको क्षमता विकासमा समेत भारतले निरन्तर सहयोग गर्दै आएको बताए। उनले हस्तान्तरण गरिएका हेल्मेटहरूले नेपालका कानून कार्यान्वयन निकायहरूलाई आफ्नो जिम्मेवारी अझ प्रभावकारी रूपमा निर्वाह गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा एसएसपी कोइरालाले प्राप्त सहयोगका लागि भारत सरकार तथा भारतीय महावाणिज्यदूतावासप्रति आभार व्यक्त गर्दै सुरक्षात्मक सामग्रीले प्रहरी कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले यस्ता सहयोगले नेपाल प्रहरीको कार्यसम्पादन क्षमता थप सुदृढ हुने उल्लेख गरे ।

हस्तान्तरण गरिएका ७ हजारभन्दा बढी सुरक्षात्मक हेल्मेट नेपाल प्रहरीसहित विभिन्न कानून कार्यान्वयन निकायका सुरक्षाकर्मीहरूले प्रयोग गर्ने जनाइएको छ। भीड व्यवस्थापन, विशेष सुरक्षा ड्युटी तथा अन्य संवेदनशील परिस्थितिमा खटिने सुरक्षाकर्मीहरूको सुरक्षालाई ध्यानमा राख्दै हेल्मेट उपलब्ध गराइएको बताइएको छ । नेपाल-भारतबीच सुरक्षा, पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा सामुदायिक विकासका क्षेत्रमा सहकार्य निरन्तर विस्तार हुँदै आएको छ ।

# सुरक्षाकर्मी र उद्धारकर्मीको भूमिका महत्वपूर्ण

टुडे समाचारदाता

मलंगवा । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विपद् र आपतकालीन अवस्थामा सुरक्षाकर्मी र उद्धारकर्मीको भूमिका महत्वपूर्ण रहेको बताएको छन् ।

शुक्रबार सर्लाहीको बागमतीमा आयोजित मधेश प्रदेशस्तरीय अभ्यास हातेमालो आठौं संस्करण-२०८३ लाई सम्वोधन गर्दै मुख्यमन्त्री यादवले सुरक्षाकर्मी र उद्धारकर्मीको प्रशंसा गर्दै यस्तो बताएका हुन् ।

उनले भने, "आपतकालीन अवस्थामा तपाईहरु जस्ता सुरक्षाकर्मी र उद्धारकर्मीको भूमिका अति महत्वपूर्ण, जिम्मेवारीपूर्ण र प्रशंसायोग्य रहँदै आएको छ ।"

यस्ता अभ्यासले सम्भावित आगलागी तथा मनसुनजन्य बाढी, डुबानजस्ता विपद्को घटनामा एकीकृतरूपमा परिचालित हुन महत्वपूर्ण भूमिका खेल्ने छ ।

# पिएचडी गर्दै नेकपा नेता शाह

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता भरतप्रसाद शाह पिएचडी अध्ययनका लागि भर्ना कार्यक्रममा छनोट हुन सफल भएका छन् ।

मधेश प्रदेशका पूर्वगृह, सञ्चार तथा कानुनमन्त्रीसमेत रहेका नेता शाहले पिएचडी प्रवेश प्रक्रियाअन्तर्गत सञ्चालन गरिएको लिखित परीक्षा तथा अन्तर्वार्तासहितका सम्पूर्ण चरण सफलतापूर्वक पार गर्दै अन्तिम नामावलीमा स्थान बनाउन सफल भएका हुन् । उनको यो उपलब्धिलाई शैक्षिक तथा बौद्धिक क्षेत्रप्रतिको निरन्तर




लगाव र समर्पणको प्रतिफलका रूपमा हेरिएको छ ।

राजनीतिक जीवनसंगै अध्ययन र अनुसन्धानलाई पनि निरन्तरता दिँदै आएका नेता शाहको पिएचडी अध्ययनका लागि भएको छनोटले मधेश प्रदेशका राजनीतिक तथा शैक्षिक वृत्तमा सकारात्मक सन्देश प्रवाह गरेको छ ।

पिएचडी कार्यक्रममा भर्ना हुन सफल भएपछि नेता शाहलाई विभिन्न राजनीतिक, सामाजिक तथा शैक्षिक क्षेत्रका व्यक्तिहरूले बधाई तथा शुभकामना व्यक्त गरेका छन् । उनीहरूले शाहको आगामी अनुसन्धानमूलक अध्ययन सफल रहोस् भन्ने कामनासमेत गरेका छन् ।

नेता शाहले उच्च शिक्षामार्फत समाज, राष्ट्र र नीति निर्माणका क्षेत्रमा थप योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

सडक सुरक्षा

सडकमा हिडदा होसियार बनौ, नियम मानेर अनुशासित बनौ

हेलमेट, सिटबेल्ट, नबिर्सौं, जीवनलाई सुरक्षित बनाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८